# अध्याय एक

# परिचय

## १.१ ऐतिहासिक पृष्ठभूमि

विश्व मानचित्रमा क्षेत्रफलका हिसावले मध्यम आकारको देश भएपनि आर्थिक एवम् औधोगिक विकासको दृष्टिले पछाडी परेको देशको रुपमा नेपाल चिनिन्छ । आर्थिक विकासका लागि उद्योगको अपरिहार्यता रहन्छ । संसारमा उद्योगको स्थापनाको इतिहास ज्यादै पुरानो रहेको छ । ( https/www.Businessnews.com 8159 ) । सन् ७०५ मा जापानमा ( Keiunkan inn ) नामको उद्योग नै सवै भन्दा पुरानो उद्योगको रुपमा चिनिन्छ भने दोस्रोमा अष्ट्रियाको ( Stiffakller St. Peter ) रहेको पाईन्छ । नेपालमा उद्योग स्थापनाको ईतिहास त्यति पुरानो छैन । सन १९३६ मा नेपाल कम्पनी ऐनको अधिनमा रहि विराटनगरमा विराटनगर जुट मिलको स्थापना भएको हो यो नै नेपालको पहिलो उद्योग मानिन्छ

सन् १९५० र १९६० को दशकमा चीन र रुसको आर्थिक तथा प्राविधिक सहयोगमा सरकारी स्तरवाट उद्योगहरु स्थापनाको क्रम वढेको पाईन्छ । खास गरि त्यस वेला स्थापना भएका उद्योगहरुमा कृषि क्षेत्र संग वढि सम्वन्धित थिए । जसमा जुट, चिनी, चुरोट, वियर, सलाई, सावुन, सिमेन्ट, ईट्टा जस्ता वस्तु उत्पादन गर्ने उद्योगहरु स्थापना भएका थिए । क्रमस उद्योगलाई प्राथमिकता दिदै जाने क्रममा वालाजु (१९६० सन्) पाटन, हेटौडा, पोखरा, धरान, वुटवल राजविराज, तथा नेपालगञ्ज जस्ता सहरमा औद्योगिक क्षेत्र स्थापना भई वस्तु तथा सेवा उत्पादन गरि हजारौ व्यक्लिाई रोजगारी दिनुका साथै आर्थिक विकासको मार्ग प्रसस्त पार्ने काम अगाडी वढेको छ (Us Liberary of Congress 2002 ) । सन् १९८९-१९९० मा भारतले गरेको आर्थिक नाकावन्दिले नेपालको उद्योग क्षेत्रमा असर गरेको थियो । लगानीको हिसावले ठुला, मभ्फौला र साना तथा स्वामित्वको हिसावले नीजि, सरकारी र साभ्फेदारी गरि विभिन्न ढाँचामा अहिले नेपालमा उद्योगहरु स्थापना भईरहेका छन् । अहिले सेवा मुलक उद्योगको रुपमा पर्यटन उद्योगले ठुलो हिस्सा ओगटेको देखिन्छ (पर्यटन वोर्ड २०७४) ।

At present women workers of Nepal are trying to involve in different field of job market . Most of them are trying to involve in domestic labour market . In the same way significant number of Nepalese Women is involving in international job market also. However, they are working with low returns inside and outside. Their status in in the job markets is lower in foreign markets then in national markets. The real situations of women in the job market regarding thr social and economic history of Nepal (Hisan 2017 A.D.) .

अपेक्षित रुपमा उद्योगहरुको स्थापना गर्न नसकेको कारण विगतका वर्षहरुमा भन्दा वर्तमानमा श्रम आप्रवासमा ठुलो मात्रामा वृद्धि भएको छ । कामको खोजिमा गरीब मुलुकहरुबाट धनी मुलुक तर्फ जाने क्रम विगतमा पनि प्रचलन रहेको थियो र आउने दिनहरुमा अझै बढ्ने क्रम पाइनेछ । जनसंख्या वृद्धि, स्रोत साधनको कमी, रोजगारीको अवसरमा आएको कमि आदिका कारण हालका वर्षहरुमा कामको खोजीमा अन्यत्र मुलुकमा जानेक्रम तीव्र गतिले बढिरहनेछ । स्वदेशमा उचित रोजगार, उचित शिक्षा, उचित अवसरको अभाव अझ भनौ देशको अन्यौलको स्थितिका कारण युवा शक्तिहरु दिन प्रतिदिन विदेशतिर पलायन भइरहेको पाइन्छ । जुन उनीहरुको आफ्नै बाध्यता हो । जसलाई स्वभाविक रुपले हेर्ने गरीन्छ । सुदृढ अर्थतन्त्र भएका देशहरुले श्रम अभावको कारण स्थानीय श्रमिकहरुले गर्न नरुचाउने न्यूनस्तरीय कामहरु (Three D Works - Diffcult, Dangerous and Dirty) गर्न यस मौकालाई अझ बढी भन्दा बढी उपयोग गरी रहेका छन । यसरी देशको जनशक्ति रोजगारीको नाममा शताब्दीयौं देखी बेचिदै आईरहेका छन् । विदेशमा कच्चा पदार्थ बेच्ने शैलीमा बेचीएका नेपाली नागरीकहरु बाट भरमजदुर फाईदा उठाउँदै विदेशी राष्ट्रलाई सदैव सबल बनाईरहने छन् (संचारीका समुह २०७२) ।

सन् १९८६ सम्म नेपालमा २०५४ उद्योगहरु स्थापित थिए जसमा १,२५,००० कामदार काम गर्दथे भने अहिले यो संख्या वढेर ६३२८ पुगेको छ  जसमा ५,१२,००० मजदुर काम गर्दछन् । स्थापित उद्योगमा १३% ठुला, २३% मझौला र ६४% साना उद्योग रहेका छन् (उद्योग विभाग २०१६ सन् ) ।

आज सम्म पनि देशमा औद्योगिकरण भई व्यापक रोजगारिको सृजना गरि आर्थिक विकास गर्न सकिएको छैन । सन १९३६ मा नेपाल कम्पनी ऐनको अधिनमा रहि विराटनगरमा विराटनगर जुट मिलको स्थापना भएको हो यो नै नेपालको पहिलो उद्योग मानिन्छ । क्रमश सलाई, चुरोट, चिनि, कृषि औजार, सावुन, विस्कुट उत्पादन हुने उद्योगहरु स्थापित भइ सामान्य घरेलु आवस्यकता पुरा

गर्न थालेको भएपनि पछिल्लो समयमा औद्योगिक उत्पादनले केहिहद सम्म भएपनि स्थान लिन पुगेको छ ।

निजी क्षेत्रहरुवाट सञ्चालित विभिन्न औद्योगिक प्रतिष्ठानहरु मध्ये नेपालको औधोगिक ईतिहासमा गंगादेवी चौधरी उद्योग ग्रामको ठुलो स्थान रहेको छ । यो विसं २०५२ सालमा साविक दिव्यपुरी हाल देवचुली नगरपालिका वडा नम्वर ०१ मा ३७ एकड जमिनमा फैलिएको छ । वाईवाइ, आलुतामा, गोलमोल, साथी, सोल्टी, रिनटिन जस्ता चाउचाउ, रियो, रियो पाइनापल, रियो मिक्स तथा रियो पुन्टे जस्ता जुसहरु, नेपाल आइस, ओरेन्जअम, मुस्ताङ जस्ता वियरहरु तथा टिभि, फ्रिज, वासिङ मेसिन तथा एसी जस्ता विद्युतिय उपकरणहरु उत्पादन गर्ने यस उद्ययोगमा ५८१ महिला र १४०६ पुरुष गरि १९८७ जना मजदुरहरुले काम गर्दछन्  भने यसको वार्षिक कारोवार ५०० करोड भन्दा माथि रहेको छ । प्रत्यक्ष रुपमा १९८७ जनाले रोजगारि पाएको यस उद्योगले अप्रत्यक्ष रुपमा अरु धेरैले राजगारि पाएका छन् । यहि उद्योगको स्थापना पछि यो गाँउको विकास भएको तथ्य हामिले लुकाउन सक्दैनौ । समग्र आर्थिक एवम् भौतिक विकासमा यस उद्योगको महत्वपुर्ण भुमिका रहेको पाईन्छ । यहि सन्दर्भ र परिवेशलाई मध्यनजर गर्दै चौधरी उद्योग ग्राम भित्र सञ्चालित विभिन्न उत्पादन युनिटहरु मध्ये रियो जुश उत्पादन गर्ने प्लान्ट र यसमा काम गर्ने मजदुरहरुको सामाजिक आर्थिक अवस्थाको वारेमा अध्ययन गर्ने उद्देश्यका साथ यो समस्यालाई अगाडी वढाईएको छ ।

### १.२ समस्याको कथन

देशमा झण्डै ६७ % हिस्सा कृषि क्षेत्रमा आश्रित र त्यसमा पनि वर्षको केहि समय मात्र कृषिमा काम हुने, आफ्नो पर्याप्त जमिन नहुने र कृषिमा भन्दा उद्योगमा पाइने पारिश्रमिक नियमित रुपमा पाईने हुनाले आज मजदुरहरुको आर्कषक उद्योग क्षेत्रमा वढ्दै गएको देखिन्छ । निम्न आर्थिक अवस्था र न्यून शिक्षा भएका मजदुरको अवस्थालाई व्यहारिक र वैज्ञानिकका साथ साथै आधुनिक तरिकाबाट अघि बढाउनु पर्ने आजको आवश्यकता देखिन्छ । वर्तमान सन्दर्भमा उद्योगको संचालकहरुबाट नै यस विषयमा केहि पहल भएको देखिएता पनि उद्योग भन्ने वित्तिकै नाफाको उद्देश्यले स्थापित रहने भएकाले समग्रमा हुनुपर्ने जति काम भएको देखिँदैन । यसका लागि मजदुर आफैँ र यसमा चासो राख्ने संस्थाहरु अगाडी बढि सकरात्मक कदम चाल्नुपर्ने देखिन्छ ।

नेपालको औद्योगिक इतिहास त्यति लामो रहेको छैन भने अर्कोतिर आज सम्म पनि देशमा औद्योगिकरण भई व्यापक रोजगारिको सृजना गरि आर्थिक विकास गर्न सकिएको छैन । सन १९३६ मा नेपाल कम्पनी ऐनको अधिनमा रहि विराटनगरमा विराटनगर जुट मिलको स्थापना भएको हो यो नै नेपालको पहिलो उद्योग मानिन्छ । क्रमश सलाई, चुरोट, चिनि, कृषि औजार, सावुन, विस्कुट उत्पादन हुने उद्योगहरु स्थापित भइ सामान्य घरेलु आवस्यकता पुरा गर्न थालेको भएपनि पछिल्लो समयमा औद्योगिक उत्पादनले केहिहद सम्म भएपनि स्थान लिन पुगेको छ ।

निजी क्षेत्रहरुवाट सञ्चालित विभिन्न औद्योगिक प्रतिष्ठानहरु मध्ये नेपालको औधोगिक ईतिहासमा गंगादेवी चौधरी उद्योग ग्रामको ठुलो स्थान रहेको छ । यो विसं २०५२ सालमा साविक दिव्यपुरी हाल देवचुली नगरपालिका वडा नम्वर ०१ मा ३७ एकड जमिनमा फैलिएको छ । वाईवाइ, आलुतामा, गोलमोल, साथी, सोल्टी, रिनटिन जस्ता चाउचाउ, रियो, रियो पाइनापल, रियो मिक्स तथा रियो पुन्टे जस्ता जुसहरु, नेपाल आइस, ओरेन्जअम, मुस्ताड जस्ता वियरहरु तथा टिभि, फ्रिज, वासिड मेसिन तथा एसी जस्ता विद्युतिय उपकरणहरु उत्पादन गर्ने यस उद्ययोगमा ५८१ महिला र १४०६ पुरुष गरि १९८७ जना मजदुरहरुले काम गर्दछन्  भने यसको वार्षिक कारोवार ५०० करोड भन्दा माथि रहेको छ । प्रत्यक्ष रुपमा १९८७ जनाले रोजगारि पाएको यस उद्योगले अप्रत्यक्ष रुपमा अरु धेरैले राजगारि पाएका छन् । यहि उद्योगको स्थापना पछि यो गाँउको विकास भएको तथ्य हामिले लुकाउन सक्दैनौ । समग्र आर्थिक एवम् भौतिक विकासमा यस उद्योगको महत्वपुर्ण भुमिका रहेको पाईन्छ । यहि सन्दर्भ र परिवेशलाई मध्यनजर गर्दै चौधरी उद्योग ग्राम भित्र सञ्चालित विभिन्न उत्पादन युनिटहरु मध्ये रियो जुश उत्पादन गर्ने प्लान्ट र यसमा काम गर्ने मजदुरहरुको सामाजिक आर्थिक अवस्थाको वारेमा अध्ययन गर्ने उद्देश्यका साथ यो समस्यालाई अगाडी वढाईएको छ ।

स्वदेशमा राम्रो अवसरको अभावमा प्रवासका गल्ली र छिंडीहरु चाहार्दै, भौतारिदै हिड्नु परेको कटु सत्य हाम्रो यथार्थता हो । दुर्भाग्यवश विविध कारणहरुले कतिपय नेपाली दाजुभाईले शारिरीक, मानसिक यातना झेल्नु पर्ने स्थिति छ । जुन सरकारी संयन्त्रको कमजोरी, रोजगारिमा जाने श्रमिकको चेतनाको कमि आदि औल्याईएको छ । त्यसैगरि स्देशमा रोजगारी पाउने  कामदारहरुको सन्दर्भमा पनि आर्थिक, मानसिक र शारीरिक शोषणको अभाव खासै कमि रहेको छैन भने कतिपयलाई उच्च आर्थिक लाभ, उच्च मनोबल, सीपहरु पनि प्रदान गरी रहेको छ । यिनै सकारात्मक तथा

नकारात्मक तथ्यहरुलाई मध्यनजर गर्दै सोध लेखनको लागी नवलपरासी जिल्लाको देवचुली नगरपालिकामा स्थापित चौधरी उद्योग ग्राम अन्तरगत रियो जुश उत्पादन गर्ने मजदुरहरुको रोजगारी प्रतिको भोगाई वा वुझाई खोतल्ने प्रयत्न गरीएको छ । औद्योगिक रोजगारीले श्रमिकहरुको आर्थिक सामाजिक पक्षमा के कस्तो प्रभाव पारेको छ ? कुन पक्षले औद्योगिक रोजगारीको लागी प्रेरित गरेको छ ? औद्योगिक रोजगारीमा श्रमिकहरुले भोग्नु परेको समस्याहरु के-के छन् ? कामका के कस्ता प्रकृती रहेछन् ? के-कस्ता माध्यमबाट उद्योगमा जाने गरेका छन्, आदी प्रश्नहरुको उत्तर खोजी गर्नु जस्ता अनुशन्धान समस्या संग सम्वन्धित रहि अध्ययनलाई अगाडि वढाईएको छ ।

## १.३ अध्ययनको उद्देश्य

### १.३.१ साधारण उद्देश्य

यस अध्ययनका साधारण उद्देश्य नवलपुर जिल्लाको देवचुली नगरपालिका वडा नं. ०१ मा वसोवास भई सि.जि. उद्योगमा अन्तरगत रियो जुस उत्पादन सेक्टरमा कार्यरत मजदुरहरुको सामाजिक तथा आर्थिक पक्षका वारेमा अध्ययन गर्नु यसको साधारण उद्देश्य रहेको छ ।

**ख) विशिष्ट उद्देश्य :**

१) सिजिमा (रियो जुस उत्पादन) काम गर्ने मजदुरहरुको रोजगारीको अवस्था विश्लेषण गर्नु।

२) सिजिमा काम गर्ने मजदुरहरुको सामाजिक आर्थिक अवस्था र उनिहरुले भोगेका समस्या पत्ता

## १.४ अध्ययनको महत्व

नवलपुर जिल्लाको देवचुली नगरपालिका सहरीकरणको बाटोमा द्रुत गतिमा लम्कदै गरेको आजको सन्दर्भमा र देशको रोजगारीको स्तरमा खासै उन्नति हुन नसक्नाको कारणहरुले गर्दा यस क्षेत्रमा संचालित उद्योगहरुले पुऱ्याएको योगदानलाई हामी नकार्न सक्दैनौं । उद्योगमा काम गर्दा अन्य क्षेत्रमा काम गर्ने मजदुरहरुको तुलनामा राम्रै पारिश्रमिक प्राप्त गर्ने देखिएकोले उक्त आम्दानीलाई व्यवस्थित रुपमा संचालन गर्न सकेको अवस्थामा यस क्षेत्रमा लागेका मजदुरको सामाजिक स्तर उन्नतिका साथ साथै आर्थिक तथा सांस्कृतिक क्षेत्रमा उल्लेखनिय विकास हासिल गर्न सकिने देखिन्छ । रोजगारिको अवसरहरु मध्ये मजदुरहरुको अत्यन्तै धेरै रोजगारीको संभावना भएको चौधरी उद्योग ग्राम वाट देशको भौतिक विकासका लागि आवश्यक पदार्थ स्थानिय स्तरमानै उत्पादन गरि एकातिर सामाजिक आवस्यकता पुरा गर्न मद्यत पुगेको छ भने अर्को तिर यस क्षेत्रमा वसोवास गर्ने

स्थानियवासीको रोजगारीको सृर्जना भई मजदुरहरुको विभिन्न पाटोको विकासमा टेवा पुगेको देखिन्छ ।

ठूलो धनराशी खर्च गरेर बैदेशिक रोजगारीको लागि आतुर थुप्रै श्रमिकहरुलाई आफ्नै देशको माटोमा रोजगारीको अवस्था सृजना गरि बैदेशिक रोजगारिमा जाने चापलाई समेत रोक्न सक्ने प्रवल संभावना देखिन्छ । जसले गर्दा देशको जनशक्ति बाहिर जान कम भई देशको आर्थिक उन्नति बढाउनमा सहयोग मिल्दछ । कतिपय परिवारका सबै सदस्यहरु यस उद्योगमा काम गर्ने भएकाले पनि परिवारको जिविकोपार्जनमा केहि राहत मिलेको देखिन्छ । अहिलेसम्म पनि यो उद्योगमा काम गर्ने मजदुरको अध्ययन नभएकोले पनि यो अध्ययनको महत्व रहेको छ । यो अध्ययनले आगामी दिनमा अध्ययन गर्ने अनुशन्धानकर्ताका लागि मार्गदर्शक वन्न सक्दछ भने जो कोहिका लागि पनि उद्योग र यसमा कामगर्ने मजदुरको सामाजिक, आर्थिक अवस्थाको जानकारी हुन सक्दछ ।

### १.५ अध्ययनको संगठन

प्रस्तुत अध्ययनलाई समग्रमा पाँच भागमा विभाजन गरिएको छ । प्रथम भागमा परिचय खण्ड भएको छ । जसमा पृष्ठभूमि एवम् परिचय, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व तथा अध्ययनको संगठन जस्ता शिर्षकहरु रहेका छन् भने अध्याय दुईमा साहित्यको समीक्षा अन्तरगत सैद्धान्तिक समिक्षा, आनुभविक समिक्षा, तथा अवधारणागत ढाँचाको उल्लेख गरिएको छ । अध्याय तीनमा अनुसन्धान विधिको चर्चा गरिएको छ । जसअन्तर्गत अनुसन्धान विधि, तथ्यांकको प्रकृति एवम् तथ्यांक संकलनका विधिहरुको चर्चा गरिएको छ । प्रस्तुत अध्ययनको अध्याय चारमा संकलित तथ्यांकहरुलाई विभिन्न तालिकाहरुद्वारा प्रस्तुत गरिएको छ । अध्याय पाँचमा संकलित तथ्यांकहरुको आधारमा समग्र अध्ययनको सारांश र निष्कर्षहरु प्रस्तुत गरिएको छ ।

# अध्याय-दुई
# सन्दर्भ साहित्यको समिक्षा

यस अध्ययनमा मजदुर सम्बन्धि भएका सामान्य अवधारणाको अवलोकन गरिएको छ । साथै हालसम्म मजदुर सम्बन्धि भएका, अध्ययन गरिएको तथा प्राप्त साहित्यहरुको विवेचना तथा विश्लेषण पनि गरिएको छ ।

## २.१ सैद्रान्तिक समिक्षा

मजदुर सम्बन्धि समस्या नेपालको मात्र नभएर विश्वव्यापि समस्या हो । पछिल्लो समयमा श्रमिकहरूको काम गर्ने अवस्था र उनीहरूको जीवन शैलीले धेरैको ध्यान खिचेको छ । उत्पादनमुखी उद्योग र त्यससँग सम्बन्धित मजदुरहरूको संख्या बढ्नु यसको प्रमुख कारण हो । अर्को महत्त्वपूर्ण पक्ष नेपालमा रहेका उत्पादन गर्ने उद्योगहरुमा मेसिनमा भन्दा श्रमको बढि प्रयोग भएको पाइन्छ । धेरै विकाशोन्मुख देशहरू जस्तै नेपालमा पनि श्रमकै प्रयोग ज्यादा हुन्छ किनभने श्रमको प्रयोग भन्दा मेशिनको प्रयोग गर्नु महँगो पर्न सक्छ ।

नेपालमा विद्यमान अन्यायपूर्ण र शोषण मुलक श्रम सम्वन्धको बारेमा कूरा गर्दा बंधवा मजदुरी एक समस्या ग्रस्त क्षेत्रको रुपमा रहेको छ । सामान्यतया विभिन्न कारणवश ऋृणमुक्त गर्नको निम्ति वन्धित मजदुरहरुलाई बंधवा मजदुर भन्ने गरिन्छ । तर नेपालको परम्परागत कृषि उत्पादन क्षेत्रमा वर्षौंदेखि चल्दै आएका विभिन्न प्रकृतिका आर्थिक सम्बन्धहरु जस्तै : कमैया, ऋृणवन्धि, वांधा, वनौट इत्यादिहरु । समाजमा विद्यमान अन्यायपूर्ण सामाजिक सम्वन्धहरु जस्तै : घरेलु कामदार, जनजातिका बिच भेदभाव, निश्चित श्रमहरुमा रोजगार निषेध, निश्चित क्षेत्रहरुमा प्रवेश निषेध इत्यादि, दासत्व र सामन्ती निरंकशताका अवशेषहरु हुन् । आजभन्दा लगभग आठ-नौ दशक अगाडि सन् १९२४ मा नेपालमा दासप्रथा अन्त्य भएको घोषणा भएको हो । कानुन त वधुवा श्रम नेपालमा वन्देज गरिएको छ ।

उद्योगको उत्पादनको मुख्य आधार तिनका मजदुर हुन् । तिनको भूमिका बढ्दो उद्योगको सङ्ख्याबाट बुझ्न सकिन्छ । यद्यपि लगानी गर्ने तरिका उही पुरानो छ । लगानीकर्ताहरू विशेषतः

कम खर्चमा बजारमा टिक्न चाहन्छन् । यसका लागि अपनाउने उपाय श्रमिकको शोषण हुन सक्छ । श्रममा आधारित रहने प्रायः उद्योगमा तलब कटौती, सुविधाबाट वञ्चित गरिनु जस्ता शोषण व्याप्त छन् । कार्यस्थल सन्तोषजनक छैनन् । बहुमत श्रमिकहरू आफ्नो कार्यस्थललाई दुर्गन्ध हुने, हल्ला हुने, प्रदुषित, साँघुरो र अँध्यारो भन्न रुचाउँछन् । आधारभूत सुविधाहरू जस्तै पङ्खा, चिम्नी, हिटर, आवाज जाने भेन्टिलेसन पनि नभएको अवस्थामा श्रमिकहरू कार्य गर्न बाध्य छन् । औद्योगिक दुर्घटना सामान्य प्रायः भएका छन् । मुख्यतः हात, टाउको, आँखा, हत्केला र खुट्टामा चोट लागेको पाइन्छ । दुर्घटनाका कारणहरू फरक-फरक छन् तर मुख्यतः मजदुर स्वयंको लापरबाहीले घटना भएको पाइन्छ । यो लापरबाहीको कारण भने उस्तै प्रकृतिको काम पटक-पटक र निरन्तर गर्नु र मानसिक विमारीलाई मान्न सकिन्छ । त्यसैगरि बालबालिकाहरुलाई पनि मजदुरहरूको रुपमा प्रयोग गरिएको पाईएको छ । बालबालिकाहरु सानै उमेरबाट नै श्रमका क्षेत्रमा घरेलु बालश्रमिकका रुपमा कार्यरत रहेका पाईन्छन् । प्रायजसो ग्रामिण ईलाकाबाट बसाईंसराई गरेर बालश्रमिकहरु गलैंचा उधोग गार्मेन्ट, होटल, ईट्टा कारखाना, घरमा काम गर्ने कामदार, निर्माण कार्य, फोहोरमैला संकलन, बस, माइक्रो बस, टेम्पो आदि विभिन्न क्षेत्रमा संलग्न रहेका छन् । प्रकोपिय काम गर्ने अवस्था विद्यमान छ । हालैको एक सर्वेक्षणका अनुसार भारतमा प्रति १०,००० मजदुरमा ४१५ को मृत्यु भएको पाइयो त्यही सर्वेक्षणका अनुसार कोरियामा ३१ र संयुक्त राज्य अमेरिकामा १४ रहेको पाइयो । थाइल्याण्डमा काम गर्ने समय प्रति हप्ता ५५ देखि ६६.२६ जुन विकसित मुलकु भन्दा २० घण्टा बढी हो (UNICEF 1996, page 89)।

संसारमा उद्योगको स्थापनाको इतिहास ज्यादै पुरानो रहेको छ । सन् ७०५ मा जापानमा ( Keiunkan inn ) नामको उद्योग नै सबैभन्दा पुरानो उद्योगको रुपमा चिनिन्छ भने दोस्रोमा अष्ट्रियाको ( Stiffakller St. Peter ) रहेको पाईन्छ (https/www.Businessnews.com 8159 ) ।

The trend of Nepalese economy is in the process of changing its structure. As the data shows the the contribution of agriculture sector and industrial sector in GDP is slightly reducing and thre role of service sector is increasing day per day . In this context, the report of Ministry of Industry , Commerse and Supplies 2004 AD. States of most people in Nepal are poor, not because they cannot find work, but because productivity is low the lowest in the South Asian region . Growth and poverty allivation are constrained by one of the most rigid regulatory franworks for labour markets in the

developing world and by the poor quality education system (Nepal Govt. Ministry of Commerce and Supplies 2014) .

नेपालमा उद्योग स्थापनाको ईतिहास त्यति पुरानो छैन । सन १९३६ मा नेपाल कम्पनी ऐनको अधिनमा रहि विराटनगरमा विराटनगर जुट मिलको स्थापना भएको हो यो नै नेपालको पहिलो उद्योग मानिन्छ । सन् १९५० र १९६० को दशकमा चीन र रुसको आर्थिक तथा प्राविधिक सहयोगमा सरकारी स्तरवाट उद्योगहरु स्थापनाको क्रम वढेको पाईन्छ । खास गरि त्यस वेला स्थापना भएका उद्योगहरुमा कृषि क्षेत्र संग वढि सम्वन्धित थिए । जसमा जुट, चिनी, चुरोट, वियर, सलाई, सावुन, सिमेन्ट, ईट्टा जस्ता वस्तु उत्पादन गर्ने उद्योगहरु स्थापना भएका थिए । क्रमस उद्योगलाई प्राथमिकता दिदै जाने क्रममा वालाजु (१९६० सन्) पाटन, हेटौडा, पोखरा, धरान, वुटवल राजविराज, तथा नेपालगञ्ज जस्ता सहरमा औद्योगिक क्षेत्र स्थापना भई वस्तु तथा सेवा उत्पादन गरि हजारौ व्यक्तिलाई रोजगारी दिनुका साथै आर्थिक विकासको मार्ग प्रसस्त पार्ने काम अगाडी वढेको छ (Us Liberary of Congress 2002 ) ।

सन् १९८९-१९९० मा भारतले गरेको आर्थिक नाकावन्दिले नेपालको उद्योग क्षेत्रमा असर गरेको थियो । लगानीको हिसावले ठुला, मझौला र साना तथा स्वामित्वको हिसावले नीजि, सरकारी र साझेदारी गरि विभिन्न ढाँचामा अहिले नेपालमा उद्योगहरु स्थापना भईरहेका छन् । अहिले सेवा मुलक उद्योगको रुपमा पर्यटन उद्योगले ठुलो हिस्सा ओगटेको देखिन्छ (पर्यटन वोर्ड २०७४) ।

सन् १९८६ सम्म नेपालमा २०५४ उद्योगहरु स्थापित थिए जसमा १,२५,००० कामदार काम गर्दथे भने अहिले यो संख्या वढेर ६३२८ पुगेको छ  जसमा ५,१२,००० मजदुर काम गर्दछन् । स्थापित उद्योगमा १३% ठुला, २३% मझौला र ६४% साना उद्योग रहेका छन् (उद्योग विभाग २०१६ सन् ) ।

At present women workers of Nepal are trying to involve in different field of job market . Most of them are trying to involve in domestic labour market . In the same way significant number of Nepalese Women are involving in international job market also . However, they are working with low returns inside and outside . Their status in in the job markets is lower in foreign markets then in national markets . The real

situations of women in the job market regarding thr social and economic history of Nepal (Hisan 2017 A.D.) .

यसै सन्दर्भमा नेपालमा भएका मजदुर सम्बन्धि नीति नियमहरु तथा कानुनहरुको तल समिक्षा गरिएको छ । मजदुरको हित तथा भलाईका साथै अधिकार रक्षाका लागि नेपालले पनि संयुक्त राष्ट्रसंघले तयार गरेको सन्धि तथा महासन्धि समर्थन गर्नका साथै कानुनको समेत तर्जुमा गरेको छ । सैद्वान्तिक रुपमा मजदुरलाई नियम विपरित काममा लगाउने गैर कानुनी भए तापनि व्यवहारमा त्यस्तो पाईंदैन । प्रायजसो हरेक क्षेत्रमा स-साना बिद्यालय जाने उमेरका बालबालिकाहरुलाई पनि घरेलु काममा लगाएको पाईन्छ । तर नेपालमा प्रायजसो घरमा काम गर्ने कामदारहरुले कम तलबमा लामो समयसम्म काम गर्ने भएता पनि सामान्य सुविधाबाट टाढा रहेका पाइएका छन् । साथै महिला घरेलु कामदारहरु शारिरीक शोषणको शिकार पनि भएका खबरहरु पत्र पत्रिकामा यदाकदा प्रकाशित भएका पाईन्छन् । एकातिर मजदुर सम्बन्धि विविध नीति नियम तथा कानुनहरु निर्माण तथा प्रतिबद्धता व्यक्त भएका छन् भने तिनलाई व्यवहारिक रुपमा प्रयोग गर्न सकिरहेको पाईंदैन साथै प्राय जसो नीति नियम तथा ऐन कानुनहरु औपचारिक क्षेत्रमा मात्र सिमित रहेको पाईन्छ ।

Occupational structure is an indicator of employment oppurnities both for men and women . The increasing proportion of non-agricultureal sector in the GDP should have expanded opportunities for non-agricultureal employment, both men and women . NLSS (2008) state that the number of employed women 15 over aged were 6259 thousand . Recent economic policy initiative in Nepal have focused on commercialization and Liberalization of the economy, market friendly deregulation, development of infrassture of facilitate foreign and local investment, downsizing of government and privatization . The real sector Liberalization has include all sector, agriculture, forestry, the industrial and the financial sectors ( Acharya Meena 2003 AD) .

**नेपालमा औद्योगिक श्रमिकको अवस्था**

नेपालमा धेरै उद्योग सहर केन्द्रित छन् । समग्रमा सहरी उद्योगमा दिइने पारिश्रमिक ज्यादा भएतापनि सीप विहीन श्रमिकका लागि यो मौका छैन । श्रम, श्रमिक करार गर्ने प्रक्रिया अझ संकुचित छ । श्रमिक तथा श्रमिकले गर्ने उत्पादन घट्दो रहेकाले प्रक्रिया संकुचित भएको हो ।

श्रमिकको कार्यशक्ति उनीहरूको क्षमता एवं लगनशीलतामा भर पर्छ । श्रमिकको कार्य शक्ति प्राथमिक रुपमा उनीहरूको सीप, शैक्षिक दक्षता, तालिम र प्राविधिक दक्षताले मापन गरिन्छ । उद्योगको वातावरणले पनि उत्पादकत्व बढाउन मद्दत गर्छ । श्रमिकको आधारभूत आवश्यकताहरू, स्वाभिमानी जीविकोपार्जन सुनिश्चित छैन । रगत पसिना बगाएका श्रमिकहरू गरिबीमा पिल्सिन बाध्य छन् । अति क्षुब्ध परिवेशमा काम गरी उनीहरू झुपडीमा रहन बाध्य छन् । तथ्य हो यो नेपाली श्रमिक धेरै सुविधाबाट वञ्चित छन् । उनीहरूको न्यून आर्थिक अवस्थाका कारण बेरोजगारी बढ्दो छ । आर्थिक विकासका लागि व्याप्त शैक्षिक संरचनामा आमरिक परिवर्तन ल्याई रोजगारमुखी बनाउन जरुरी छ ।

आउँदो वर्षमा उत्पादक उद्योगले नयाँ रोजगारी दिने सम्भवाना छ । आकर्षक तलब भत्ता तथा सुविधाको बाबजुद निजी क्षेत्रले श्रमिकलाई आकर्षित गर्न सकेका छैनन् । विकास तथा उत्पादन क्षेत्रले नयाँ रोजगार दिने प्रवल सम्भावना देखिन्छ ।

## २.२ पूर्व अध्ययनको समिक्षा

यस अध्यायमा हालसम्म मजदुर सम्बन्धि अध्ययन गरिएका तथा प्राप्त साहित्यहरुको विवेचना तथा विश्लेषण गरिएको छ । साथै मजदुर र मजदुर सम्बन्धि कानुन तथा निति नियमहरु आदिको पनि विवेचना गरिएको छ । मजदुर तथा बालश्रम सम्बन्धि विषयमा विभिन्न व्यक्ति तथा संघ संस्थाहरुले विभिन्न ठाउंमा  फरक फरक समयमा अध्ययन गरेका छन् । प्राप्त भएका अध्ययनहरुका सार यस अध्यायमा देखाईएको छ । 'ईट्टा उद्योगलाई राष्ट्रिय उद्योगको मान्यता दिन माग' शिर्षकमा पोखराका व्यवसायीले ईट्टा उद्योगलाई राष्ट्रिय उद्योग सरह मान्यता दिन सरकारसंग माग गरेका छन् । उनीहरुले ईट्टा उद्योगलाई मौसमी उद्यमको दायरामा ल्याएर भिन्न श्रम ऐनको व्यवस्था गर्नुपर्ने बताएका छन् । नेपाल ईट्टा उद्योग महासंघको सम्मेलनमा सभाका वक्ताले ईट्टा उद्योगका

व्यवसायलाई परम्परागत घरेलु उद्योगको श्रेणिमा राखी विशेष नीति ल्याउनु पर्ने उनीहरुको माग छ । महासंघले सरकार समक्ष ईट्टा उद्योगलाई एकमुष्ट करको दर निर्धारण गरी फ्ल्याट रेट अफ ट्याक्स प्रणालीमा दर्ता गर्ने व्यवस्था मिलाउनु पर्ने भनेको छ । चिया मजदुरको श्रम ऐन जस्तै ईट्टा उद्योगको लागि पनि भिन्न ऐनको व्यवस्था गर्नुपर्ने, ईट्टाको अवैध यातायात नियन्त्रण गरि भन्सारबाट आउने ईट्टामा शतप्रतिशत भन्सार मिनाहा गरिनुपर्ने, प्रदुषण कम गर्ने प्रविधि जडान गर्दा आयात गर्नुपर्ने यन्त्र, उपकरण र मेसिन औजार कम मुल्यमा दिइनुपर्ने, मुल्य अभिवृद्धि कर, आयकर, जरिवाना, व्याजदर लगायत मिनाहा गर्नुपर्ने माग सम्मेलनमा राखे (गोरखापत्र दैनिक, २०६९ असोज २ गते) ।

As in most of the worlds, women in Nepal work for longer hours than in men, have lower opportunity for gainful employment and possess extremely limited property rights (NESCA,1998) .

समाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिका (सिविस) नामक संस्थाले काठमान्डौ महानगरपालिकामा मात्रै पनि २८,७०० घरमा घरेलु काम गर्ने बाल श्रमिकहरु रहेको पाईन्छ (भक्ति, अंक ३, २०६०, आश्विन) ।

बालमजदुर सरोकार केन्द्र (सिविन) ले गरेका अर्को एक सन् १९९३ को अध्ययन को आधारमा प्रायजसो सबै बालकामदारहरु कम उमेरका छन् अर्थात् १४ वर्ष भन्दा कमका । यो उमेर भनेको शारीरिक र मानसिक विकाश को बेला हो र यसबेला स्वतन्त्रता, मनोरन्जन गर्ने, साथी भाई, पढ्ने तथा अन्य क्रियाकलापको आवश्यकता पर्ने समय हो । नेपालमा जम्मा ५० हजार बालबालिकाहरु घरेलु कामदारको रुपमा र लगभग १२ हजार जतिको हाराहारिमा इट्टा उद्योगमा काम गर्ने बालमजदुर सरोकार मन्चले सार्वजनिक गरेको प्रतिवेदनमा जनाईएको छ । प्रतिवेदनमा शहरिकरण र गरिबीका कारण एशियामा बालमजदुरको संख्या अप्रत्याशित रुपमा बढेको बताईएको छ । एशियाका शहरी तथा ग्रामिण क्षेत्रमा विश्वका जम्मा बालमजदुर मध्ये २० प्रतिशत ले घरमा काम गर्ने कामदारका रुपमा कार्य गरिरहेको जनाईएको छ । प्रतिवेदन को आधारमा बंगलादेशमा १२ लाख, श्रीलंकामा १ लाख, नेपालमा ६२ हजार घरेलु बालमजदुर रहेका छन् । यस क्षेत्रका अधिकांश बालमजदुर मध्ये बालबालिकाहरु माथि यौन शोषण तथा शारीरिक यातना समेत भए गरेको जनाईएको छ (गोरखापत्र, २०६४ भदौ ७) ।

धेरै नेपाली श्रमिकहरु यस्तो श्रम गरिरहेका छन् जसबाट तिनको भलाईको सट्टा शोषित तथा घाइते भईरहेका पाईन्छन् । श्रमिकहरु कलकारखाना, निर्माण जस्ता दर्जनौं क्षेत्रमा कार्यरत छन् । धेरैजसो कामले तिनको स्वास्थ्यलाई हानी पारिरहेको छ भने तिनिहरुको कामको आधारमा तलब थोरै प्राप्त गर्दछन् । तिनिहरु स्वास्थ्य, हेरचाह, शिक्षा तथा जागिर छोड्न पाउने अधिकारबाट समेत वन्चित रहेका छन् (UNICEF 1996, page 89)।

श्रम विरुद्धको विश्वयात्राले सबै संस्कारहरु अन्तराष्ट्रिय संस्थाहरु र आम जनसमाजलाई श्रमिकको संरक्षणको निमित्त ठोस कार्यक्रमहरु संचालन गर्न यस प्रतिवेदन (out of the shadow a worldwide Report on the worst forms of Labour) को सुचना र जानकारीहरु प्रयोग गर्ने छन् भन्ने अपेक्षा राखेको छ । १४० राष्ट्रहरुको सहकर्मीहरु रहेको श्रम विरुद्धको यो विश्वयात्रा विश्वका ३५ करोड श्रमिकहरुको निम्ति प्रतिवद्ध सवैभन्दा राम्रो अभियान हो । स्मरण रहोस् १९९८ बाट थालनी भएको यस श्रमिक विरुद्धको विश्य यात्राले आइ.एल.ओ. महासन्धि नं १८२ लाई सर्वसम्मत बनाउन र श्रम शोषणका विरुद्ध चेतना जगाउन महत्वपुर्ण भुमिका निर्वाह गरेको थियो (SPARC, २००१)।

नेपालमा २०५८ सालमा आइ.एल.ओ., आइपेक ले गरेको सर्वेक्षण मा नेपालमा ४५,००,००० कामदारहरु विविध पेशामा  संलग्न रहेका छन् । तिनिहरु मध्ये शहरी क्षेत्रमा घरेलु कामदारको रुपमा ६५,०००, कारखानामा काम गरिरहेकाहरुको संख्या ६०,०००, खतरनाक स्थितिमा भरिया भई काम गरिरहेकाहरुको संख्या ४६,००० र अन्य संघसंस्थामा काम गर्ने श्रमिकहरु ४३,२९,००० रहेको सो अध्ययनले पत्ता लगाएको छ । त्यसैगरि श्रम अधिकार संबन्धमा अन्य विविध ऐन नियमहरुमा समेत व्यवस्था गरेको पाईन्छ । ती विविध ऐन तथा नियमहरुमा नगरपालिका ऐन २०४८ को दफा ६३ (१), शिक्षा ऐन २०४८ को दफा ७, नागरिक अधिकार ऐन २०१२ को दफा ५, चिया बगान सम्बन्धि श्रम नियमावलि २०५० कारागार ऐन, २०१९ को दफा १० (क) आदि रहेका छन् । त्यसैगरि सामाजिक कल्याण ऐन, (१९९२) आदिले पनि श्रमिकको अधिकार रक्षा तथा सुरक्षित भविष्यप्रति संकेत र श्रमिकको विकासमा प्रयत्न गरेको छ । श्रम शोषणलाई कम गर्नको लागि श्रम शोषण (निषेध र नियमित गर्ने) ऐन २०५६ लाई पारित गरेको छ । उक्त ऐनले श्रम ऐन २०४८ तथा बालबालिका सम्बन्धि ऐन २०४८ मा भएका कतिपय व्यबस्थालाई यसमा समाहित गरेको छ । यस ऐनमा भिन्न भिन्न जाति, धर्म, लिङ्ग, भाषा तथा सामाजिक स्तर भएपनि शिक्षा, स्वास्थ्य, पानी,

सरसफाई तथा सुरक्षाको अधिकारलाई प्रष्टरुपमा व्याख्या गरेको छ । सोही ऐनको दफा १७ मा १४ बर्ष उमेर नभएका बालबालिकालाई काममा लगाउन नमिल्ने भनिएको छ । त्यसैगरि दफा ४७ ले श्रमिकका रुपमा लगातार ३ घण्टा काम गरेपछि आधा घण्टाको विश्राम दिनैपर्ने व्यबस्था गरिएको छ । त्यस्तै श्रम ऐन २०४८ को परिच्छेद २, दफा ५ ले पनि यिनै प्रावधानलाई व्यवस्था गरेको छ । साथै यस कानुनले खानीमा जोखिम काम गर्न पनि प्रतिबन्ध लगाएको छ । श्रम ऐन २०४८ ले उद्योग भएका जिल्लाहरुमा कमसेकम एक जना जिल्ला श्रम अधिकृत र श्रम निरिक्षक को व्यवस्था गरेको छ (सतार: १९: ९३: ९०) । यसै गरि नेपालको संविधानको धारा २९(३) ले मान्छेको किनबेच र इच्छा बिना श्रम गर्न लगाउन बन्देज गरेको छ (२०७२ को संविधान ) ।

General Federation of Nepalese Trade Unions (GEFONT) सन् २००७ सालमा “Nepal Lobour Under the Chimney- A study on the brick kilns of Nepal” विषयक अध्ययन सम्पन्न गरेको थियो । उक्त अध्ययन मजदुरहरुको जोखिम मुद्दाहरुको बारेमा व्याख्या विश्लेषण गर्ने तथा कमैयाको रुपमा काम गर्ने मजदुरहरुको अवस्थाको विषयमा अध्ययन गर्ने मुल उद्देश्यका लागि गरिएको थियो । त्यस्तै मजदुरहरुको शैक्षिक तथा पारिवारिक अवस्थाको विषयमा अध्ययन गर्ने, कमैया प्रथाको निरन्तरता, विभिन्न क्षेत्र तथा धर्मका मजदुरहरुमा देखिने भिन्नता यि अध्ययनका अन्य उद्देश्यहरु रहेका छन् । अध्ययनमा ३ विकास क्षेत्रका ५ जिल्लामा सर्वे गरिएको थियो । मोरङ, बाँके, ललितपुर, भक्तपुर र तनहुँ जिल्लालाई केन्द्र मानि सर्वेक्षण गरि यो अध्ययन सम्पन्न गरिएको थियो । GEFONT ले गरेको उक्त अध्ययनले “एउटा ईट्टाभट्टाले ३५० देखि ५०० जना मजदुरलाई रोजगारी प्रदान गरिरहेको, नेपाली उद्योगपतिहरु भारतका कामदारहरुप्रति आकर्षण भएको” निष्कर्ष निकालेको छ भने “ऋण दिनु मजदुरलाई उद्योगमा लिएर आउने पहिलो उपाय रहेको, यो काम वर्षभरिका लागि नहुने, कामदारहरुलाई शोषण हुने, कामदारहरुको एकता नहुने, उनीहरुलाई कमैयाको रुपमा काम लगाउने” निष्कर्ष निकालेको छ ।

UN का अनुसार सामाजिक सुरक्षा आधारभूत मानव अधिकार हो । तर एकदम कम जनताले यो सुरक्षा, सुविधा प्राप्त गर्छन् । ILO का अनुसार विश्वका ८० प्रतिशत मानिसमा सामाजिक सुरक्षाको पहुँच छैन । विश्वको आधा जनसङ्ख्या कुनै पनि सुरक्षाबाट वञ्चित छ । Sub-saharan अफ्रिका र दक्षिण एसियामा त आधारभूत सामाजिक सुरक्षा करिब १०% जनसङ्ख्यालाई मात्र प्राप्त छ ।

GEFONT (1998) को अध्ययन अनुसार उच्च जनसङ्ख्या बृद्धिदर न्यून उत्पादकत्व, न्यून आर्थिक विकास, न्यून तलब तथा पुँजी केन्द्रित उत्पादनले बेरोजगारी संख्या बढाउन सहयोग गरेको छ । श्रमिकको भूमिकालाई र विकासमा उत्पादन उद्देश्य, प्रतिस्पर्धा, सीप, नयाँ प्रविधिको विकास, पहिचान, रोजगारदाताको बेवास्ता आदिले नकरात्मक असर गर्छ ।

"Labor Administration profile or Nepal" शीर्षकमा ILO ले प्रकाशन गरेको अध्ययन सराहनीय छ । यो प्रतिवेदनले संक्षिप्त रुपमा नेपालमा प्रचलित श्रमिक प्रशासनको स्वरुप र त्यसको उद्देश्य व्याख्या गरेको छ । एउटा सक्षम श्रम/श्रमिक प्रशासन, श्रमदाता र श्रमिक दुवैको भरोसा बदलिँदो अर्थतन्त्र एवं सामाजिक अवस्थासँग जुट्न महत्त्वपूर्ण भुमिका खेल्दै श्रम गर्ने अवस्था तथा देशको विकासमा सहयोग गर्न सक्छ ।

श्रमिकको आधारभूत आवश्यकताहरू, स्वाभिमानी जीविकोपार्जन सुनिश्चित छैन । रगत पसिना बगाएका श्रमिकहरू गरिबीमा पिल्सिन बाध्य छन् । अति क्षुब्ध परिवेशमा काम गरी उनीहरू झुपडीमा रहन बाध्य छन् । तथ्य हो यो नेपाली श्रमिक धेरै सुविधाबाट वञ्चित छन् । उनीहरूको न्यून आर्थिक अवस्थाका कारण बेरोजगारी बढ्दो छ । आर्थिक विकासका लागि व्याप्त शैक्षिक संरचनामा आमरिक परिवर्तन ल्याई रोजगारमुखी बनाउन जरुरी छ । आउँदो वर्षमा उत्पादक उद्योगले नयाँ रोजगारी दिने सम्भवाना छ । आकर्षक तलब भत्ता तथा सुविधाको बाबजुद निजी क्षेत्रले श्रमिकलाई आकर्षित गर्नसकेका छैनन् । विकास तथा उत्पादन क्षेत्रले नयाँ रोजगार दिने प्रवल सम्भावना देखिन्छ ।

## २.३ नीतिगत समिक्षा

श्रमिकहरूको चाहना, नैतिक प्रवर्द्धन तथा भौतिक अवस्थाको संरक्षण, श्रम ऐन अन्तर्गत हुन्छ । श्रम ऐनलाई मुलुकको औद्योगिक, आर्थिक तथा समाजिक उद्देश्य तथा श्रम समस्या संवोधन गर्ने ऐनका रुपमा परिभाषित गर्न सकिन्छ । श्रमिकहरूको हित चाहने ऐनका रुपमा एक महत्वपूर्ण सामाजिक ऐन पनि मान्न सकिन्छ । नेपालमा श्रमिक सम्बन्धी विभिन्न ऐन तथा कानुन व्याप्त छन् ; ती मध्ये factory and factory worker's act 1959, factory and factory worker's regulation 1962, Boney Act 1975, labor Act 1992 आदि छन् ।

श्रमिक ऐनका अनुसार श्रम ऐन १९९२ ले श्रम विवाद क्रमशः मिलाउने जनाएको छ । सो ऐनले विस्तृत रुपमा गलत आचरणका आधारमा गर्न सकिने कारबाहीको प्रावधान छ । सोही ऐनमा काम गर्नुपर्ने समय, दिन, सो बापतको सुविधा, मुआब्जा, आन्दोलन वा हडताल गर्न पाउने, मजदुर हक अधिकार इत्यादिको व्याख्या गरिएको छ । श्रम कार्यलाई तलब दिन ढिलाई वा नदिइएको वा गैरकानुनी गिरावटको मुद्दा सुन्न र त्यस सम्बन्धी निर्णय गर्ने अधिकार दिइएको छ । साथै नयाँ अध्यादेश मार्फत श्रमिकहरूको तलब भत्ता तथा सुविधा नेपाल सरकारले बढाउन सक्ने प्रावधान छ । दश वा थोरै मजदुर रहेको कम्पनीमा पनि यो लागु हुनेछ । श्रम ऐनले श्रमिकको स्वास्थ्य, सुरक्षा रहितको अधिकार संरक्षण गर्न विशेष भूमिका निर्वाह गर्छ । साथै श्रमिक तथा श्रमदाता बीचको सुमधुर सम्बन्धको पनि संरक्षण गर्छ । धेरै श्रमिकहरू यद्यपि श्रम ऐनको दायरा बाहिरै रहेका छन् । श्रम ऐन पूर्णत लागु नहुनुमा ऐनको प्रवर्द्धन गर्न गरिएको लापरबाहीलाई दोषि मान्न सकिन्छ । जन शक्तिका कमीले र प्रशाधनका कमीले कानुनले श्रमिकलाई दिएको सुविधा तथा दायित्वहरू पूरा हुन सकेका छैनन् । पन्ध्रौं पञ्चवर्षीय योजनाले औद्योगिक शान्ति, स्वस्थ तथा सुरक्षित कार्यस्थल सुधार गर्दै कामदारको मर्यादा जोगाउँदै गरिबी क्रमशः निवारण गर्दै जाने योजना बनाएको छ ।

### ट्रेड युनियनको भूमिका

ट्रेड युनियन जागिर र आम्दानीको रक्षा गर्न गठन गरिने संस्थान हो । युनियनको अर्को उद्देश्य काम र जीवनको सुरक्षा सुनिश्चित गर्नु हो । साथै शोषण विरुद्ध र काम सम्बन्धित बराबरीको आकलन गर्नु हो । ट्रेड युनियनको उद्देश्य श्रमिकको अवस्था सुधार गर्नु हो । सन् १९८९ पश्चात युनियन मार्फत नै शक्ति सन्तुलन गरिन्छ । तसर्थ युनियन निर्माण बहुदलिय संयन्त्रमा हुन्छ । ट्रेड युनियनले श्रमिकको हक अधिकार सुनिश्चित गर्छ । ट्रेड युनियनको प्राथमिक कार्य श्रमिकको हकहित सुरक्षित गर्नु, भेदभाव अन्त्य गर्नु र कुनै गलत हस्तक्षेप वा चलनबाट श्रमिकको सुरक्षा गर्नु हो । श्रमिकको पक्षमा सम्झौता गर्नु, तलब भत्तामा वृद्धि, काम माथि नियन्त्रण गर्नु हो । ट्रेड युनियनको अनुपस्थितिमा श्रमिकहरूले समस्या झेल्ने सम्भावना हुन्छ । न्यूनतम तलब भत्ता, तालिम, सफा खानेपानी, बालबच्चाका लागि शिक्षा ट्रेड युनियनको दबाबले मात्र सम्भव हुन्छ । अखिल नेपाल ट्रेड युनियन नेपालमा सन् १९५० मा गठन भएको थियो । तर सन् १९६० मा पञ्चायत व्यवस्था लागु भएपछि भने युनियन रही रहन सकेन । तर सन् १९७९ मा पुनः आधा दर्जन भन्दा बढी युनियनको

स्थापना भयो । तर आपसी समझदारीको अभावले राष्ट्रिय स्तरको संगठन हुन सकेन । सन् १९८९ जुलाईमा भने GEFONT को स्थापना भयो र राष्ट्रिय स्तरको ट्रेड युनियन दर्ता भयो । युनियको संरचना बहुदलिय हुन्छ ।

श्रम ऐनको दफा ३२ ले चोटपटक लाग्न सक्ने र स्वास्थ्यमा प्रतिकल असर पर्न सक्ने अवस्था भए कनै श्रमिक तथा कामदारलाई कनै वजन उचाल्ने, लोडिङ्ग गर्ने तथा त्यसको ओसारपसार गर्ने काममा लगाउन नपाईने व्यवस्था गरेको छ ।
(बालश्रम एक समस्या र प्रतिवद्धता)

- O.L.O. महासन्धि १३८ न्यनतम उमेर सम्वन्धि महासन्धिको अनुमोदन ।
- महिला विरुद्ध हुने सवै प्रकारका भेदभाव उन्मुलन सम्वन्धि संयुक्त राष्ट्र संघीय महासन्धि (CEDAW) १९७९ को अनुमोदन ।
- संयुक्त राष्ट्र संघीय वाल अधिकार सम्वन्धि महासन्धि (CRC १९८९) को अनुमोदन ।
- SAARC – Colombo Resolution On Children (1992)

# अध्याय-तीन
# अनुसन्धान विधि

## ३.१ अध्ययनको ढाँचा

यो अनुसन्धानमा वर्णनात्मक र अन्वेषणात्मक गरि  दुईवटा ढाँचाको प्रयोग गरिएको छ। खास गरि प्राथमिक स्रोतका आधारमा प्राप्त नयाँ तथ्याङ्कको प्रयोग गरि अन्वेषणात्मक तथा द्वितीय स्रोतहरूको आधारमा प्राप्त तथ्याङ्कलाई वर्णनात्मक ढाँचामा प्रस्तुत गरि अनुसन्धान गरिएको छ।

## ३.२ अध्ययन क्षेत्रको छनौट र यसको औचित्य

यो अनुसन्धान कार्य देवचुली नगरपालिका वडा नं ०१ नवलपुर जिल्लामा रहेको चौधरी उद्योगमा केन्द्रीत रहेको छ । यो क्षेत्र छनोट गर्नुमा यस क्षेत्रमा विभिन्न वर्ग, क्षेत्र, जाति, भाषाका मानिसहरूको संलग्नता रहेको कारण बाट हो। नवलपुर जिल्लामा भएका विभिन्न ठुला उद्योगहरुमा होडसी सिमेन्ट, गोर्खा ब्रुअरी चौधरी उद्योग प्रर्दछन् । यि मध्ये सवैभन्दा वढि मजदुर काम गर्ने उद्योगमा चौधरी उद्योग ग्राम प्रर्दछ। यस उद्योगले रियो जुस, वियर, चाउचाउ, विभिन्न विद्युतिय सामाग्रीहरु उत्पादन गर्दछ। धेरै उद्योगहरू मध्ये प्रतिवर्ष गुणस्तर र उत्पादनको आधारमा अन्य उद्योग भन्दा बढी, राम्रो रहेकाले  यस उद्योगमा काम गर्ने मजदुरको संख्या पनि बढी हुनुका साथै अध्ययन कर्ता स्वयम यहि उद्योगको वेभरेज आईटम उत्पादन गने प्लान्ट (रियो जुस) अन्तरगत रियो जुस उत्पादन गर्ने प्लान्टमा काम गर्ने भएकाले सुचना संकलन गर्न सहज हुने हुनाले छानिएको हो।

यो अध्ययन देवचुली नगरपालिका वडा नं ०१ नवलपुर जिल्लाको चौधरी उद्योग ग्राममा काम गर्ने मजदुरहरुमा केन्द्रीत रहेको छ। नेपालमा विभिन्न उद्योग धन्दाहरुमा कार्यगर्ने मजदुरहरुको बारेमा विस्तृत अध्ययन गरिएको भएतापनि नवलपुर जिल्लाको चौधरी उद्योग ग्राममा काम गर्ने मजदुरहरुको विषयमा अहिलेसम्म कुनै अध्ययन नगरिएकोले यस विषयमा अध्ययन गर्न आफैमा औचित्यपूर्ण हुनेछ। अध्ययन पश्चात् यस क्षेत्रमा काम गर्ने मजदुरहरुको यथार्थ अवस्थाको विस्तृत जानकारी प्राप्त गर्न सकिनुका साथै भविष्यमा मजदुर सम्बन्धी कार्ययोजना बनाउने एवम् लागू गर्ने सम्बन्धमा यस अध्ययनले सहयोग पुग्ने छ।

### ३.३ समग्रता र नमुना छनोट

प्रस्तुत अध्ययन क्षेत्र चौधरी उद्योग ग्राम भित्र रहेका वियर, चाउचाउ, विदुतिय सामानहरु जस्तै रियो जुस उत्पादन गर्ने प्लान्ट पनि एक हो र यस प्लान्टमा जम्मा ८१ जना मजदुरहरु काम गर्दछन । त्यसैले रियो जुस उत्पादन गर्ने प्लान्टमा कार्यरत ८१ जना मजदुरहरु संगणना विधिका माध्यमबाट छनौट गरी अध्ययनलाई अगाडी बढाइएको छ ।

### ३.४ तथ्याङ्कको प्रकृति र स्रोतहरू

यो अध्ययनको आधार तथा तथ्याङ्क संकलनका लागि प्राथमिक तथा द्वितीय स्रोतहरूको प्रयोग गरिएको छ । प्राथमिक तथ्याङ्क अन्तर्गत क्षेत्र सर्वेक्षण, प्रश्नावली र अर्न्तवार्ता बाट प्राप्त तथ्याङ्कहरू रहेका छन् । यसैगरी द्वितीय तथ्याङ्क सम्बन्धित क्षेत्रसँग सम्बन्धित प्रकाशित भएका जानकारी तथा सूचनाहरू, किताब, पत्रिका, शोधपत्र तथा इन्टरनेटबाट प्राप्त जानकारीहरू छन् ।

### ३.५ तथ्याङ्को संकलन तथा विधिहरू

यस अध्ययन यथार्थ सूचना तथा तथ्याङ्कहरूको संकलनका लागि निम्नलिखित अनुसन्धान प्रविधिहरूलाई अपनाइएको छ ।

#### ३.५.१ अर्न्तवार्ता

प्रस्तुत अध्ययनमा प्राथमिक तथ्याङ्क संकलनको निमित्त अर्न्तवार्ता विधि अपनाइएको छ । कुनै विषय सँग सम्बन्धित सूचना प्राप्तगर्न यो प्रमुख विधि रहेको हुन्छ । यसमा उद्योग संग सम्बन्धी अनुभवी श्रमिकहरू यस क्षेत्रका शिक्षित जनता तथा समूह संग वाट सुचना संकलन गरिएको छ

#### ३.५.२ अवलोकन

अवलोकन गुणात्मक सूचना संकलनका लागि एक प्रमुख साधनको रुपमा अपनाइएको छ । अवलोकनको माध्यमबाट उद्योगको वस्तुस्थिति आवासको अवस्था, श्रमिकहरूको भेषभूषा, उद्योगको अवस्थिति आदि तथ्याङ्कहरूको संकलन गरिएको छ ।

### ३.५.३ प्रश्नावली अनसूची

तथ्याङ्क संकलन विधिमा प्रश्नावलीको सूची तयार पारी श्रमिकहरूको आर्थिक स्तर, उद्योगमा काम गर्नुपर्ने कारण, समय तालिका, श्रमिकहरूले काम गर्नुपर्ने समय, त्यहाँका श्रमिकहरूसँगको सम्बन्ध, स्वास्थ्य तथा वातावरणमा पार्ने प्रभाव सम्बन्धी जानकारी लिइएको छ ।

### ३.५.४ मुख्य जानकार ब्यक्ति तथा संस्थाहरूबाट प्राप्त जानकारी

विभिन्न संघ सस्थाहरु तथा उद्योगको वारेमा जानकारी राख्ने प्रवुद्ध व्यक्तिहरुवाट समेत विभिन्न द्वितीय तथ्याङ्कको अध्ययन गरिएको छ ।

## ३.६ तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण

कुनै पनि अध्ययन अनुसन्धानको सफलता प्राप्त गरिएका तथ्याङ्कहरुको प्रभावकारी विश्लेषण र प्रस्तुतीकरणमा निर्भर गर्दछ । तथ्याङ्क विश्लेषण गर्दा तथ्याङ्कलाई  एकमुष्ट गरी वैज्ञानिक रुपले विशेषताको आधारमा संख्यात्मक तथा गुणात्मक गरि वर्गिकरण गरि तथ्याङ्कलाई विभिन्न प्रविधिको प्रयोग गरि अर्थात तालिका, वृतचित्र, स्तम्भ चित्र, ग्राफको प्रयोग गरि प्रस्तुत गरिएको छ भने गुणात्मक तथ्याङ्कलाई सामान्य रुपमा वर्णन गरिएको छ ।

## ३.७ अध्ययनका सीमाहरू

कुनै पनि अध्ययन कार्य आ-आफ्नै प्रकारका विशिष्ट उद्देश्यहरूको परिपूर्तिका लागि सम्पन्न गरिएका हुन्छन् । एउटै अध्ययन कार्यले सधैँभरि सम्पूर्ण क्षेत्रको प्रतिनिधित्व गर्न सक्छ भन्न सकिदैन । कुनै पनि अध्ययन कार्य एउटा निश्चित सीमा भित्र रहेर मात्र सम्पन्न गरिनु पर्ने बाध्यता हुन्छ । यस अध्ययनका आफ्नै प्रकारका क्षेत्र तथा सीमाहरू छलफल निम्न रुपमा उल्लेख गर्न सकिन्छ ।

(क) प्रस्तुत अध्ययन त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत कुमारवर्ती बहुमुखी क्याम्पसको समाजशास्त्रको विद्यार्थीका हैसियतले आंशिक आवश्यकता परिपूर्ति गर्ने क्रममा तयार गरिएकाले समय र आर्थिक सीमाका कारण विभिन्न क्षेत्रका श्रमिकहरूलाई समेट्न सकिएको छैन ।

(ख) यो देवचुली नगरपालिका वडा नं ०१ नवलपुर जिल्लाको चौधरी उद्योग ग्राममा काम गर्ने मजदुरहरुमा केन्द्रीत रहेको छ । यो चौधरी उद्योग ग्रामको रियो प्लान्टलाई आधार मानेर अध्ययन कार्य सम्पन्न गरिएको सन्दर्भमा यस उद्योग भरिका सवै कामदार र अन्य उद्योगमा

काम गर्ने हकमा सहि सत्य नठहरिन सक्नेछ । किनकि प्रस्तुत अध्ययनले देवचुली क्षेत्र स्थित चौधरी उद्योग ग्राममा काम गर्ने विभिन्न प्रकारका श्रमिकहरू मध्य ८१ जना श्रमिकहरूलाई मात्र समेटेको सन्दर्भमा यसबाट निस्किएको निष्कर्ष यस क्षेत्रको लागि सही भएता पनि अन्य क्षेत्र समय वा परिवेशका श्रमिकहरूका बारेमा पनि पूर्ण रुपमा सहि र प्रासंङ्गिक हुन्छ भनी भन्न सकिदैन ।

(ग) यो अध्ययन कार्य समय, साधन र स्रोतको सीमितताले गरिएको कारणले विषयसँग सम्बन्धित सबै पक्षहरूबारे पूर्ण रुपले अध्ययन गर्न नसकिएको र पछि सम्म पनि यस अध्ययनले अहिलेको जस्तै प्रतिनिधित्व गर्न सक्छ भन्न सकिन्न तैपनि वर्तमान स्थितिको सन्दर्भमा भने यसले सही प्रतिनिधित्व गर्न सकेको छ भन्न सकिन्छ ।

# अध्याय - चार
# उत्तरदाताको सामाजिक तथा आर्थिक अवस्था

## ४.१ श्रमिकहरूको सामाजिक अवस्था

### ४.१.१ जातजातीय विवरण

जातिय विभिन्नता नै सामाजिक तथा आर्थिक क्षेत्रमा विशेष indicators हो । समान्यतया ठूला जाति हुनेहरू तल्ला स्तरका साना जाति भन्दा आर्थिक तथा सामाजिक स्तरमा राम्रा हुन्छन् । त्यसैले सामाजिक तथा आर्थिक स्तर निर्धारण गर्न जातियता को मुख्य भूमिका हुन्छ । यस उद्योगमा जातियताको आधारमा काम गर्ने श्रमिकहरूको संख्या तथा प्रतिशतलाई तालिका १ मा यसरी प्रस्तुत गरिएको छ ।

**तालिका १ :**

**जातियताको आधारमा उत्तरदाताको विवरण**

| क्र.सं. | जातजाति | श्रमिकको संख्या | श्रमिकको प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | ब्राम्हण | २६ | ३२.०९ | |
| २ | थारु | १६ | १९.७५ | |
| ३ | मगर | ११ | १३.५८ | |
| ४ | क्षेत्री | १० | १२.३४ | |
| ५ | मधेसी | ०७ | ८.६४ | |
| ६ | तामाङ्ग | ०३ | ३.७० | |
| ७ | माझी /वोटे | ०३ | ३.७० | |
| ८ | दलित | ०२ | २.४६ | |
| ९ | नेवार | ०१ | १.२५ | |
| १० | गुरुङ | ०१ | १.२५ | |
| ११ | कुमाल | ०१ | १.२५ | |
| जम्मा | | ८१ | १००.०० | |

स्रोत : स्थलगत अध्ययन, २०७५

यस तालिका ०१ अनुसार ब्राम्हण जातिहरू यस उद्योगमा बढी पाइयो । ३२.०९ प्रतिशत श्रमिकहरू ब्राम्हण र थारु १९.७५%, मगर १३.५८ क्षेत्री १२.३४ %, मधेसी ८.६४%, तामाङ्ग र माझी /वोटे समान ३.७०%, दलित २.४६%, नेवार, गुरुङ र कुमाल समान १.२५%, रहेका छन् । यसले के देखाउदछ भने यस उद्योगमा सवै जात जातिका मानिसहरुले काम गर्ददछन भने स्थानिय वासिन्दाहरुका साथ साथै तराई वासीको पनि राम्रो उपस्थिति पाईन्छ ।

### ४.१.२ परिवारको आकार

सामाजिक तथा आर्थिक स्तर मापन गर्ने विभिन्न तत्त्वहरु मध्ये परिवारको आकार पनि एक हो । यस रियो प्लान्टमा कार्यरत श्रमिकहरुको परिवारिक आकार प्रकार फरक फरक प्रकृतिको रहेको छ । अधिकांश श्रमिकहरूको परिवारको आकार ४ जना रहेको पाइयो । जसलाई तालिका नं. २ मा देखाइएको छ ।

**तालिका : २**

**उत्तरदाताहरुको परिवारको आकार**

| क्र.सं. | परिवारको आकार | श्रमिकको संख्या | श्रमिकको प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | २ | ३ | ३.७० | |
| २ | ३ | ६ | ७.४० | |
| ३ | ४ | २४ | २९.६३ | |
| ४ | ५ | ३७ | ४५.६८ | |
| ५ | ६ भन्दा बढी | ११ | १३.५८ | |
| | जम्मा | ८१ | १०० | |

स्रोत : स्थलगत अध्ययन,२०७५

माथिको तालिका नम्वर ०२ ले के देखाउदछ भने सानो २ जनाको परिवार भएको श्रमिकको संख्या सवैभन्दा कम पाईयो जुन ३.७०%, ६ जनाको परिवार भएको श्रमिकको संख्या ७.४०%, ४ जनाको परिवारको संख्या २९.६३%, पाँच जनाको परिवारको संख्या ४५.६८% प्रतिशत छ त्यस्तै ६ तथा त्यसभन्दा बढी संख्या परिवारको आकार भएको १३.५८ प्रतिशत छ । यसले के देखाउदछ भने अधिकांसको परिवार ठुलो रहेको छ , गरिवी तथा परिवार नियोजन गर्दा शारिरिक श्रममा समस्या

आउदछ भन्ने मान्यताले परिवार संख्या ठुलो हुन पुगेको विचार उत्तरदाताको रहेको थियो । खास गरि थारु तथा मधेसी जातिमा परिवार संख्या ठुलो रहेको अध्ययनले देखाएको छ ।

### ४.१.३ उमेरको आधारमा श्रमिकहरू

आफ्नो पेट पाल्नकालागि कहि न कहि केहि न केहि गर्नु नै पर्दछ । पेटले गरिव, वुढो, विमारी केहि भन्दैन । यसैले यस उद्योगमा काम गर्ने श्रमिकहरू सबै उमेर समूहका रहेका छन् । कतिपय परिवारका सबै सदस्यहरू उद्योगको भिन्न-भिन्न प्लान्टमा काम गर्ने गरेको पनि पाइयो । जसमा महिला श्रमिकहरूको उपस्थिति पनि ठिकै राम्रो रहेको देखिन्छ । उमेरको आधारमा यस उद्योगमा काम गर्ने श्रमिकहरूको संख्यालाई ३ नं को तालिकामा यसरी प्रस्तुत गरिएको छ ।

**तालिका ३ :**

**उमेरको आधारमा उत्तरदाताहरू**

| क्र.सं. | उमेर समूह (वर्ष) | श्रमिकको संख्या | श्रमिकको प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | १८–२५ | १५ | १८.५२ | |
| २ | २६–३३ | ३५ | ४३.२१ | |
| ३ | ३४–४० | २१ | २५.९३ | |
| ४ | ४१–४७ | ७ | ८.६४ | |
| ५ | ४८ भन्दा माथि | ३ | ३.७० | |
| जम्मा | | ८१ | १०० | |

स्रोत : स्थलगत अध्ययन,२०७५

तालिका नं. ३ अनुसार उद्योगमा काम गर्ने विभिन्न उमेर समुहका श्रमिकहरूको विवरण देखाईएको छ । जसमा २६–३३ उमेर समूहका श्रमिकहरू बढी पाइयो जसको ४३.२१ प्रतिशत रहेको छ भने ३४–४० उमेर समूहमा २५.९३ प्रतिशत श्रमिकहरू छन् । १८–२५ वर्ष तथा १८.५२, त्यस्तै ४१–४७ समुहको ८.६४ प्रतिशत पाईयो भने ४८ भन्दा माथि ३.७० प्रतिशत मजदुरहरूले काम गरेको पाइयो । यस उद्योगमा वाल श्रमिक रहेका छैनन् भने वढि उमेरका

वुढापुढी पनि छैनन् किनकी यस्ता निजी उद्योगले उभिएर लामो समय सम्म काम गर्न सक्ने मजदुर मात्र राख्दछ र नीति पनि त्यस्तै छ ।

### ४.१.४ लिङ्गको आधारमा

यस अध्ययनबाट महिला तथा पुरुष दुवै लिङ्ग समूहका उमेर समूहका व्यक्तिहरू संलग्न भएको पाइयो । जसमा महिलाको तुलनामा पुरुषको संख्या नै बढी भएको पाइयो । ४ नं. को तालिकामा लिङ्गको आधारमा रहेको श्रमिकको संख्यालाई देखाइएको छ ।

**तालिका ४ :**

**लिङ्गको आधारमा उत्तरदाताको संख्या**

| क्र.सं. | लिङ्ग | श्रमिकको संख्या | श्रमिकको प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | पुरुष | ६८ | ८३.९५ | |
| २ | महिला | १३ | १६.०५ | |
| जम्मा | | ८१ | १०० | |

स्रोत : स्थलगत अध्ययन,२०७५

पुरुष तथा महिला श्रमिकको संख्या क्रमश : ६८ अर्थात ८३.९५ प्रतिशत र १३ अर्थात १६.०५ रहेको छ । तालिका  नं. ४ अनुसार महिला तथा पुरुष श्रमिकको संख्या झण्डै ५ गुना भन्दा पनि वढि छ । यसको मुख्य कारण शिप, तालिम र योग्यताको अभाव हो भन्ने कुरा अध्ययन वाट पत्ता लागेको छ ।

### ४.१.५ शैक्षिक स्तर

श्रमिकहरूको सामाजिक-आर्थिक विशेषताको झल्काउने आधार भनेको नै उनसले प्राप्त गरेको शिक्षा हो । श्रमिकहरूको साक्षरताको स्तर तिनीहरूको शिक्षा ज्ञान तथा क्षमताबाट फरक-फरक हुन्छ । प्रस्तुत अध्ययनबाट राम्रो विषय र वडि पढेका पारिवारका सदस्यहरू पैसा कमाउनका लागि विदेशिएका र कम पढेका, थार्थिक रुपले वाहिर जाने खर्चको जोहो गर्न नसक्ने तथा एकसरो घरमा कोहि नभएको एवम् औपचारिक शिक्षाबाट वञ्चित भएका निरक्षर व्यक्तिहरू वढिजसो यसमा संलग्न भएको बढी पाइयो ।  तल तालिका नं. ५ मा उद्योगका श्रमिकहरूको शैक्षिकस्तर सम्बन्धी विवरण प्रस्तुत गरिएको छ ।

**तालिका ५ :**

**लिङ्गको आधारमा उत्तरदाताहरूको शैक्षिक स्तर**

| क.सं. | साक्षरता दर | महिला | % | पुरुष | % | जम्मा | % | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | निरक्षर | १ | ७.६९ | ० | ०० | ०१ | १.२३ | |
| २ | साक्षर | ६ | ४६.१५ | २२ | ३२.३५ | २८ | ३४.५७ | |
| ३ | एस.एल.सी | ३ | २३.०८ | २३ | ३३.८२ | २६ | ३२.१० | |
| ४ | आई.ए. | २ | १५.३८ | १५ | २२.०६ | १७ | २०.९९ | |
| ५ | स्नातक | १ | ७.६९ | ०६ | ८.८२ | ०७ | ८.६४ | |
| ६ | स्नातकोत्तर | ० | ०० | ०२ | २.९४ | ०२ | २.४७ | |
| जम्मा | | १३ | १०० | ६८ | १०० | ८१ | १०० | |

स्रोत : स्थलगत अध्ययन २०७५

तालिका नं. ५ अनुसार साक्षर श्रमिकहरूको बाहुल्यता बढी रहेको पाइयो । जुन ३४.५७ प्रतिशत मा महिला ४६.१५ प्रतिशत र पुरुष ३२.३५ प्रतिशत छन् । त्यसैगरी १.२३ प्रतिशत अर्थात १ जना महिला मात्र निरक्षर छन् यिनले सरसफाईको काम गर्दछिन । जसमा आफ्नो नाम लेख्न सक्ने तथा स-साना हिसाब-किताब गर्न सक्ने श्रमिकहरू रहेका छन् । ३२.१० प्रतिशत श्रमिकहरूले एस एल सि उत्तिर्ण गरेको पाइयो जसमा २३.०८ प्रतिशत महिला छन् भने ३३.८२ प्रतिशत पुरुष रहेका छन् । ५ नं. को तालिकाबाट यस उद्योगमा काम गर्ने श्रमिकहरूको शैक्षिक स्तर राम्रो देखिन्छ तर पनि पुरुषको तुलनामा महिलाको शैक्षिक स्तर न्यून रुपमा रहेको पाइयो । यसबाट पनि के प्रष्ट हुन्छ भने पुरुषको तुलनामा महिलाको शैक्षिक स्तर समाजमा नै कमजोर रहेको प्रष्ट हुन आउँछ ।

### ४.१.६ श्रमिकहरूको कार्य विभाजन

उद्योगमा गर्ने काम भनेको नै वस्तुको उत्पादन, प्याकेजिङ, लोडिङ र डेलिवरी गर्नु आदि हो यस उद्योगमा काम गर्ने कामदारको कार्य विभाजन निम्न तरिकाबाट गरिएको पाइएको छ । जसलाई तालिका नं. ६ मा प्रस्तुत गरिएको छ ।

**तालिका ६ :**

**उत्तरदाताहरूको कार्य विभाजन**

| क्र.सं. | श्रमिकको प्रकार | श्रमिकको संख्या | श्रमिकको प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | उत्पादन | ५८ | ७१.६० | |
| २ | मर्मत | १० | १२.३५ | |
| ३ | गुणस्तर नियन्त्रण | ०७ | ८.६४ | |
| ४ | प्रवन्धक/प्रशासन | ०२ | २.४७ | |
| ५ | कर्मसियल | ०३ | ३.७० | |
| ६ | अपरेशन | ०१ | १.२३ | |
| जम्मा | | ८१ | १०० | |

स्रोत : स्थलगत अध्ययन,२०७५

यस तथ्याङ्कले के पुष्टि गर्दछ भने सवैजसो अर्थात ७१.६० प्रतिशत श्रमिक जुस उत्पनदन गर्ने काममा संलग्न छन् । मर्मतमा १२.३५ प्रतिशत, गुणस्तर नियन्त्रण ८.६४ प्रतिशत, प्रवन्धक/प्रशासन २.४७, कर्मसियल ३.७० र अपरेशनमा १.२३ प्रतिशत श्रमिकले काम गर्दछन ।

### ४.१.७ उत्तरदाताहरूको लैङगिक अवस्था र कार्य विभाजन

लैङगिक रुपले हेर्दा आम  जनसंख्या महिला वा पुरुषको रुपमा रहन्छ तथापी कहिले काँही र केहि मानिस तेस्रो लिङगिको रुपमा पनि जन्मिने गरेको पाईन्छ । अध्ययन क्षेत्रमा काम गर्ने ८१ जन उत्तरदाताको लैङगिक अवस्थालाई तलको तालिका नम्वर ०७ वाट प्रष्टाईएको छ ।

**तालिका ७ :**

**उत्तरदाताहरूको लैडगिक अवस्था र कार्य विभाजन**

| क.सं. | श्रमिकको प्रकार | महिला श्रमिकको संख्या | प्रतिशत | पुरुष श्रमिकको संख्या | प्रतिशत | जम्मा | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | उत्पादन | ०९ | ६९.२३ | ४९ | ७२.०६ | ५८ | ७१.६० | |
| २ | मर्मत | ०० | ०० | १० | १४.७१ | १० | १२.३५ | |
| ३ | गुणस्तर नियन्त्रण | ०३ | २३.०८ | ०४ | ५.८८ | ०७ | ८.६४ | |
| ४ | प्रशासन/प्रवन्धक | ०१ | ७.६९ | ०१ | १.४७ | ०२ | २.४७ | |
| ५ | कर्मसियल | ०० | ०० | ०३ | ४.४१ | ०३ | ३.७० | |
| ६ | अपरेशन | ०० | ०० | ०१ | १.४७ | ०१ | | |
| जम्मा | | १३ | १०० | ६८ | १०० | १०० | १०० | |

स्रोत : स्थलगत अध्ययन,२०७५

तालिका नम्वर ०७ वाट के कुराको पुष्टि शुन्छ भने महिलाहरु पनि प्रशासन तथा गुणस्तर नियन्त्रणको क्षेत्रमा काम गर्दछन । संख्याले थोरै भएपनि गुणत्मक दृष्टिले महिलाको स्थान कमजोर देखिएन ।

### ४.१.८ उत्तरदाताहरूको हैसियत

कुनै पनि उद्योगमा काम गर्ने मजदुरहरुको पद तथा हैसियत फरक फरक किसिमको हुने गर्दछ । पद तथा हैसियत अनुसार तलव पनि फरक फरक हुने गर्दछ । त्यसैले हैसियत सामाजिक प्रतिष्ठाको महत्वपुर्ण पाटो हो । तल तालिका नम्वर ०८ मा उत्तरदाताको पदिय अवस्थालाई झल्काईएको छ ।

### तालिका ८ : उत्तरदाताहरूको हैसियत

| क.सं. | श्रमिकको हैसियत | महिला श्रमिकको संख्या | प्रतिशत | पुरुष श्रमिकको संख्या | प्रतिशत | जम्मा | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | स्थायी | १२ | ९२.३१ | ४९ | ७२.०८ | ६१ | ७५.३१ | |
| ३ | करार | ०१ | ७.६९ | १० | १४.७१ | ११ | १३.५८ | |
| ४ | असल व्यवहार देखाई रहेको( Probation ) | ०० | ०० | ०७ | १०.२८ | ०७ | ८.६४ | |
| ५ | तालिमरत | ०० | ०० | ०२ | २.९४ | ०२ | २.४७ | |
| जम्मा | | १३ | १०० | ६८ | १०० | ८१ | १०० | |

स्रोत : स्थलगत अध्ययन,२०७५

यस तथ्याङ्कले के पुष्टि गर्दछ भने सवैजसो अर्थात ७५.३१ प्रतिशत श्रमिक स्थायी छन् भने क्रमश करार, असल व्यवहार देखाई रहेका (Probation ) र तालिमरत श्रमिकको संख्या १३.५८ प्रतिशत, ८.६४ प्रतिशत, २.४७ प्रतिशत रहेका छन् । यसले के कुराको संकेत गर्दछ भने सवै श्रमिक छिट्टै स्थायी हुनेछन् । असल व्यवहार देखाईएका स्थायीको पर्खाईमा रहेकाहुन ।

### ४.१.९ उत्तरदाताहरूको धार्मिक अवस्था

धर्म अन्तर आत्माको रोजाई विवेको प्रस्तुति र जीवन भोगाई को समष्टि हो । संसारमा विभिन्न धर्महरु अस्थित्तवमा रहेका छन् । यस चौधरी उद्योग ग्राम अन्तरगत रियो जुश प्लान्टमा काम गर्ने कामदारको धार्मिक अवस्थालाई तलको तालिका नम्वर ०९ मा देखाइएको छ ।

### तालिका ९ :
### उत्तरदाताहरूको धार्मिक अवस्था

| क.सं. | धर्मको किसिम | श्रमिकको संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | हिन्दु | ७५ | ९२.५९ | |
| २ | वैद्ध | ०४ | ४.९४ | |
| ३ | क्रिश्चियन | ०२ | २.४७ | |
| जम्मा | | ८१ | १०० | |

स्रोत : स्थलगत अध्ययन, २०७५

यस तालिका नम्वर ९ बाट के पुष्टि हुन्छ भने नेपाल हिन्दु धर्म मान्ने देश हो र यहाँका अधिकांश मानिस हिन्दु धर्म मान्दछन् । यस उदोगमा काम गर्ने मजदुरहरुमा पनि ९२.५९ प्रतिशत श्रमिकहरू हिन्दु धर्मावलम्वी रहेको पाईयो । केवल ४.९४ प्रतिशत वौद्ध मार्गी र २४७ क्रिश्चियन रहेका छन् । क्रिश्चियन धर्म मान्नेहरु हिजो आज पैसाका आधारमा धर्म परिर्वतन गर्नेहरु हुन । स्थलगत सर्भेक्षणका क्रममा उत्तरदाताले घुमाउरो पारामा आर्थिक पाटो र जातिय छुवाछुतका कारण धर्म परिवर्तन गर्न वाध्य भएको आषय व्यक्त गरेका थिए ।

### ४.१.१० उत्तरदाताहरूको कार्यको अबधि

जन्मेपछि गास, वास र कपासका लागि केहि न केहि त गर्नु नै प्रदर्छ । सृष्टि कालदेखि नै मानिसले आफ्नो आहाराको खोजिगरि जोहो गर्ने गर्दथे भन्ने ईतिहास हामिले पाउदछौ । यस्तो कार्यको थालनी हजारौ वर्ष अगाडि देखि नै हुदै आएको कुरा इतिहासले पुष्टि गरिसकेको छ । श्रमिकहरूको हालको सामाजिक-आर्थिक अवस्था उनीहरूको विगतको अवस्थाबाट प्रभावित भएको पाइन्छ । त्यस्तै उद्योगका कामदारहरूको वर्तमान अवस्था पनी उनीहरूको विगतको अवस्थाबाट प्रभावित देखिन्छ । हाम्रो प्रश्नमा उनीहरूको जवाफ के पाइयो भने उनीहरू यस काममा संलग्न हुनु भन्दा पहिला आफ्नो जन्म स्थानमा नै कृषिमा संलग्न रहेको पाइएको छ । उनीहरूका अनुसार श्रमिकहरूलाई उनीहरूको कामको मध्यस्तकर्ता जसलाई समाजसेवी भनेर चिनिने गरिन्छ । उसले नै उद्योगमा काम लगाई दिएको पाइन्छ । प्रस्तुत तालिकामा श्रमिकहरूले उनीहरूले कहिले देखि कामको सुरुवात गरे भन्ने तथ्यलाई देखाइएको छ ।

**तालिका १० :**

**उत्तरदाताहरूको कार्यको अबधि**

| क्र.सं. | साल | श्रमिकहरूको संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | २०६० भन्दा अगाडी | ६ | ७.४१ | |
| २ | २०६१ देखि ०६५ सम्म | १७ | २०.९९ | |
| ३ | २०६६ देखि ०७० सम्म | २७ | ३३.३३ | |
| ४ | २०७१ देखि पछि | ३१ | ३८.२७ | |
| जम्मा | | ८१ | १०० | |

स्रोत : स्थलगत अध्ययन, २०७५

तालिका नं. १० बाट श्रमिकहरू २०६० साल भन्दापनि अगाडी देखि नै यस उद्योगमा संलग्न हुन आएको पाइयो । २०६० भन्दा अगाडी काम गर्ने ७.४१ प्रतिशत रहेका छन् भने २०६१ देखि ०६५ सम्म २०.९९ प्रतिशत, २०६६ देखि ०७० सम्म ३३.३३ प्रतिशत र २०७१ देखि पछि ३८.२७ प्रतिशत अर्थात सवैभन्दा वढि रहेका छन् । उद्योगमा काम गर्ने श्रमिकहरूको संख्या विस्तारै बढ्दो क्रममा रहेको पाइएको छ । यस उद्योगमा संलग्न हुन भन्दा अगाडी उनीहरु गाउँमा नै कृषिमा संलग्न भएको र त्यसबाट पर्याप्त मात्रामा आम्दानी हुन नसकेको कारणले उनीहरूको दैनिक जीवनमा कठिनाई हुँदै गएकाले उद्योगतर्फ आकर्षित भएको पाइएको छ । विस्तारै उद्योगमा काम गर्ने श्रमिकको संख्या बढ्दै जानुमा देशमा रहेको जनसंख्यामा युवा बेरोजगारीको संख्या बढ्नु हो । देशको स्थितिले गर्दा अलि अलि शिक्षित व्यक्तिहरू रोजगारीको सिलसिलामा विदेश पलायन हुने र गाउँमा परंम्परागत पेशा वाट उचित गुजारा नभएकाले, सजिलो, सफा र नियमित कार्य तथा तलव प्राप्त हुने हुनाले उद्योगमा दिनानुदिन पहिलाको तुलनामा कामदारहरुको संख्या बढ्दै गइरहेको हो ।

### ४.१.११ श्रमिकले भोगेका समस्याहरू

समस्या विहिन कुनै क्षेत्र नहुनेहुनाले यो अपवादमा रहन सक्दैन । जब श्रमिकहरू उद्योगमा काम गर्न थाल्छन् तब तिनीहरूले केही समस्याहरू भोग्नु पर्दछ । श्रमिकले काम गरे वापत ज्याला निश्चित समयमा नपाउने, मेशिन चलाउन नआउने, हात छिटो नचल्नाले उत्पादन भएका सामान वढि थुप्रिएर मेशिन कराउने, वढि गर्मि खानुपर्ने, क्यामिकलको प्रयोग गर्दा हुने जोखिम, टाउको दुख्ने, आँखा चिलाउने जस्ता समस्याहरू भोगेका छन् भने त्यसै गरी स्वास्थ्य तथा काम सम्बन्धी समस्याहरू पनि भोगेको पाइन्छ । तालिका ११ मा श्रमिकहरूले काम गर्ने सिलसिलामा भोगेको समस्यालाइ देखाइएको छ ।

**तालिका ११ : उत्तरदाताले भोगेका समस्याहरू**

| क्र.सं. | समस्याको किसिम | श्रमिकको संख्या | श्रमिकको प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | ज्यालासँग सम्बन्धित | १८ | २२.२२ | |
| २ | कामसँग सम्बन्धित | ३० | ३७.०४ | |
| ३ | स्वास्थ्यसँग सम्बन्धित | ३३ | ४०.७४ | |
| जम्मा | | ८१ | १०० | |

स्रोत : स्थलगत अध्ययन, २०७५

उद्योगमा काम गर्ने श्रमिकहरूले विभिन्न किसिमका समस्याहरू भोगेता पनि धेरै जसो स्वास्थ्यसँग सम्बन्धी समस्याहरू भोगेको पाइन्छ जुन ४०.७४ प्रतिशत रहेको छ । त्यसपछि तिनीहरूले भोगेका समस्या कामसँग सम्बन्धित छ । जसमा ३७.०४ प्रति प्रतिशत श्रमिकहरूले कामसँग सम्बन्धित समस्याहरू भोगेको छन् भने त्यसैगरि २२.२२ प्रतिशत श्रमिकहरूले ज्यालासँग सम्बन्धीत समस्या भोगेको पाइयो । खासगरि शुरुवाती अवस्थामा ज्याला संग संवन्धि समस्या हुने भएपनि पछि त्यस्तो खासै नहुने तर आधारभुत तलव कम भएकाले दैनिक पारिवारिक समस्या सुल्झाउन अतिरिक्त समय काम गरिरहनुपर्ने वाध्यता रहेको छ ।

### ४.१.१२ श्रमिकहरूले आफूले गरेको कामबाट प्राप्त सन्तुष्टि

हामीले त्यहाँ काम गर्ने श्रमिकहरूलाई आफूले गरेको कामबाट कति सन्तुष्ट हुनुहुन्छ भनेर जानकारी लिँदा धेरै जसो श्रमिकहरूले उनीहरूको काम गर्ने दिन, समय, कामको किसिम तथा प्राप्त ज्यालाबाट आफू सन्तुष्ट भए नभएको तथ्य खोज्ने प्रयास गरिएको थियो । यसमा सन्तुष्ट हुनुको मुख्य कारण आफूमा भएको असक्षमता नै प्रमुख रुपमा रह्यो । उनीहरू धेरै जसो साक्षर भएपनि तालिम, प्राविभिक ज्ञानको अभाव, गरिवी जस्ता कारणले लगानी गरि अरु काम गर्न नसकिने भएकाले समेत यो काम गरेको वताएका थिए । तालिका नं. १२ ले उद्योगमा काम गर्ने श्रमिकहरूको सन्तुष्टिलाई देखाइएको छ ।

**तालिका १२ : उत्तरदाताहरूको कामबाट सन्तुष्टि**

| क्र.सं. | सन्तुष्टिको अवस्था | श्रमिकको संख्या | श्रमिकको प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | सन्तुष्टि | ३७ | ४५.६८ | |
| २ | सन्तुष्ट नभएको | ३५ | ४३.२१ | |
| ३ | भन्न नचाहने | ०९ | ११.११ | |
| | जम्मा | ८१ | १०० | |

स्रोत : स्थलगत अध्ययन, २०७५

तालिका नं. १२ अनुसार ४५.६८ प्रतिशत श्रमिकहरू तिनीहरूको कामबाट सन्तुष्ट भएको र ४३.२१ प्रतिशत श्रमिकहरू आफूले गरेको कामबाट सन्तुष्ट नभएको मजबुरीले मात्र काम गरेको प्रष्ट हुन्छ । उनीहरू असन्तुष्ट हुनुको कारण त्यहाँबाट पाउने सेवा-सुविधा तथा भिन्न-भिन्न किसिमका ज्याला दर आदि पर्दछन् । जसमा श्रमिकहरू मध्येमा ११.११ प्रतिशत श्रमिकहरूले सोधेको प्रश्नको कुनै जवाफ नै दिएनन् जसमा नयाँ श्रमिक तथा स्यायी हुन लागेका Prgbation मा रहेका श्रमिकहरु

रहेका छन् । मेरो विचारमा केशिह भन्दा पछि समस्या पर्ने हो कि भन्ने आसंकाले नभनेको हुन सक्ने अनुमान लगाउन सकिन्छ ।

### ४.१.१३ वातावरणीय प्रदुषण

क्यामिकलको प्रयोग र यसले जनस्वास्थ्यमा पार्ने प्रभाव वातावरणीय प्रदुषण मुख्य समस्याको रुपमा पर्छ । कतिपय प्लान्टमा भट्टीबाट निस्कने धुवाँको कालो मुस्लो सिधै वायुमण्डलसँग मिसिन गई वायुमण्डलीय तह प्रदुषित हुन जान्छ । वायु प्रदुषणको कारणबाट दम, क्षयरोग, छाला सम्बन्धी रोगहरू, आँखा चिलाउने जस्तो रोगहरूको प्रकोप भएको पाइन्छ । यति मात्र नभई यसबाट उत्पन्न हुने धुवाँको कारणले वातावरणीय तापक्रममा वृद्धि हुन गई अहिले विश्व वातावरणले झेल्दै आएको global warming (भूमण्डलीय तापमानमा वृद्धि) जस्तो पैदा गराएको छ । बहुसङ्ख्यक कामदारहरू साक्षर छन् । अध्ययनमा संलग्नको जवाफ अनुसार उनीहरूको बुझाइमा उद्योगबाट स्वास्थ्यमा नकरात्मक प्रभाव परेको छ । यही वातावरण तथा प्रदुषणका कारण विभिन्न रोगहरु बाट ग्रस्त हुनु परेको अवस्था छ । प्रस्तुत तालिकामा उनीहरुको बुझाइको अवस्था देखाइएको छ ।

**तालिका १३ : उद्योगले प्रदुषण बनाएको छ/छैन उत्तरदाताहरुको भनाई**

| क्र.सं. | प्रदुषण बनाएको छ/छैन | श्रमिकको संख्या | श्रमिकको प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | छ | ७५ | ९२.५९ | |
| २ | छैन | ०६ | ७.४१ | |
| | जम्मा | ८१ | १०० | |

स्रोत : स्थलगत अध्ययन, २०७५

तलिका नं. १३ बाट के स्पष्ट हुन्छ भने ९२.५९ प्रतिशत श्रमिकहरूले यस उद्योगबाट वातवारणमा प्रदुषण प्रभाव पारेको छ भन्ने उत्तर दिए भने ७.४१ प्रतिशत श्रमिकहरूले त्यस सम्बन्धमा त्यति धेरै जानकारी नभएको बताए । त्यसैगरी धेरै जसो उत्तरदाताले हावा प्रदुषण, जल प्रदुषण, भूमि प्रदुषण तथा ध्वनि प्रदुषण भएको जवाफ दिएका छन् । कति उत्तरदाताहरू भने आफूले उत्तर दिँदा उनीहरूलाई उद्योग प्रशासनले केही भन्ने हो कि भन्ने डरले मौन रहेका थिए ।

## ४.२ श्रमिकहरूको आर्थिक अवस्था

श्रमीकको योग्यता दक्षता, क्षमताले उनिहरुको ज्याला वा पारिश्रमिक निर्धारण हुने गर्दछ । मजदुरहरूले उद्योगमा गर्ने काम र पुर्‍याएको योगदान स्वरुप प्रदान गरिने पुरस्कारलाई तलव

भनिन्छ । उद्योगबाट पदान गरिने राम्रो सेवा सुविधाले गुणस्तरीय जीवनको निर्धारण हुन्छ भने शोषण गरेमा नरकमय हुन सक्दछ ।

### ४.२.१ उत्तरदाताको मासिक आय विवरण

उद्योगमा कार्यरत श्रमिकहरूलाई तिनीहरूले गर्ने काम, उनिहरुको योग्यता, क्षमताको आधारमा तलव दिने गरिन्छ । यस उद्योगमा काम गर्ने श्रमिकहरूले प्राप्त गर्ने आयलाई तलको तालिका वाट प्रस्तुत गरिएको छ

**तालिका १४ : उत्तरदाताको मासिक आय विवरण**

| क्र.सं. | मासिक आय रु | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | रु १०,००० हजार सम्म | ०७ | ८.६४ | |
| २ | रु १०,००० हजार देखि रु १५,००० हजार सम्म | २७ | ३३.३३ | |
| ३ | रु १५,००० हजार देखि रु २०,००० हजारसम्म | ३५ | ४३.२१ | |
| ४ | रु २०,००० हजार देखि माथि | १२ | १४.८१ | |
| | जम्मा | ८१ | १०० | |

स्रोत : स्थलगत अध्ययन, २०७५

तालिका नं. १४ अनुसार ८.६४ प्रतिशत श्रमिकहरूले मासिक रु १०,००० सम्म आम्दानी गर्दछन भने ३३.३३ प्रतिशत श्रमिकले रु १०,००० देखि रु १५,००० सम्म आम्दानी गर्दछन । त्यसै गरि ४३.२१ प्रतिशत श्रमिकहरूले रु १५,००० देखि रु २०,००० सम्म आम्दानी गर्दछन । रु २०,००० देखि माथि मासिक आम्दानी गर्ने केवल १४.८१ प्रतिशत श्रमिकहरू रहेको देखिन्छ । रु १०,००० सम्म मासिक आम्दानी गर्नेहरुमा नयाँ, अदक्ष श्रमिकहरु प्रर्दछन भने रु १०,००० देखि रु १५,००० हजार सम्म कमाउने अदक्ष कामदार हुन । रु १५,००० हजार देखि रु २०,००० हजारसम्म कमाउन अर्धदक्ष्य कमदार हुन । मासिक रु २०,००० हजार देखि माथि कमाउने प्राविधिक तथा प्रशासनिक पदमा काम गर्ने श्रमिकहरु हुन ।

### ४.२.२ उत्तरदाताको मासिक खर्च

आर्थिक ब्यवस्थाको परिसुचक आम्दानी मात्र नभएर खर्च पनि एक हो । यसै सन्दर्भमा उत्तरदाताहरुले बर्षभरिको खर्च विवरणलाई स्पष्ट पारिएको छ ।

**तालिका १५ : त्तरदाताहरुको खर्चको विवरण**

| क.सं. | मासिक खर्च | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | खाद्यान्न किन्न | ४० | ४९.३८ | |
| २ | छोराछोरी पढाउन | २२ | २७.१६ | |
| ३ | औषधि खर्च धान्न | ०९ | ११.११ | |
| ४ | लुगा फाटो किन्न | ०५ | ६.१७ | |
| ५ | अन्य विविध | ०५ | ६.१७ | |
| जम्मा | | ८१ | १०० | |

स्रोत :स्थलगत अध्ययन,२०७५

माथिको तालिका नं. १५ मा उत्तरदाताहरुले गर्ने खर्चमा सवै भन्दा वढि खाद्यान्न किन्न ४९.३८ प्रतिशत र २७.१६ प्रतिशत छोराछोरी पढाउन खर्च गर्ने गरेको पाईन्छ । त्यस्तै ११.११ प्रतिशत औषधि खर्च र ६.१७ प्रतिशत  लुगाफाटो किन्न खर्च हुने स्पष्ट भयो । भटामा काम गर्ने श्रमिकहरु मध्ये छोराछोरी पढाउन ३८.१८ प्रतिशत खर्च हुने गरेको सबै भन्दा उच्च संख्या पाइयो ।

### ४.२.३ श्रमिकले गर्ने बचत

बचत उनीहरूको जीवनको अवस्थाको बारेमा पत्ता लगाउने एक महत्त्वपूर्ण सूचाङ्क हो । यसबाट नै उनीहरूको वास्तविक अवस्था झल्कन्छ । अधिकांश श्रमिकहरुले उनीहरूले कमाएको रकममा केहि न केहि हिस्सा वचत गर्ने गरेको पाईन्छ । तालिका नम्वर १६ मा उनीहरूले गर्ने बचतको अवस्थालाई देखाइएको छ ।

**तालिका १६ :उत्तरदाताहरूको बचतको उपयोग**

| क.सं. | बचतको उपयोग | श्रमिकको संख्या | श्रमिकको प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | घरघडेरी जोड्न | ०९ | ११.११ | |
| २ | घर परिवारलाई पठाउने | ४२ | ५१.८५ | |
| ३ | गरगहना जोड्न | १९ | २३.४६ | |
| ४ | बचत नगर्ने | ११ | १३.५८ | |
| जम्मा | | ८१ | १०० | |

स्रोत : स्थलगत अध्ययन,२०७५

तालिका नं. १६ अनुसार श्रमिकहरूले काम गरे बापत प्राप्त रकमबाट ३४.४५ प्रतिशत उनीहरूले काम नभएको ६ महिनाको लागि बचत गरेको पाइयो । आफ्नो कमाई घर परिवारलाई पठाउने ५१.८५ प्रतिशत, कुल मध्ये २३.४६ प्रतिशतले गरगहना जोड्न, ११.११ प्रतिशतले घरघडेरी जोड्न तथा १३.५८ प्रतिशतले वचत नगर्ने मनोरञ्जन, घुमफिर र खानपानमा खर्च गरि नवचाएको पाईयो । यसरि खर्च गरि नवचाउनेमा अधिकांश अविवाहित केटा केटी र केहि खराव वानी भएका प्रर्दछन् ।

### ४.२.४ दक्षतको आधारमा उत्तरदाता

उद्योगमा कार्यरत श्रमिकहरूलाई तिनीहरूले गर्ने काम, उनिहरुको योग्यता, क्षमताको आधारमा तलव दिने गरिन्छ । यस उद्योगमा काम गर्ने श्रमिकहरूले प्राप्त गर्ने आयलाई तलको तालिका वाट प्रस्तुत गरिएको छ

**तालिका १७ दक्षतको आधारमा उत्तरदाता**

| क.सं. | मासिक आय रु | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | दक्ष | १० | १२.३५ | |
| २ | अर्ध दक्ष | १३ | १६.०४ | |
| ३ | अदक्ष | ५८ | ७१.६० | |
| | जम्मा | ८१ | १०० | |

स्रोत : स्थलगत अध्ययन, २०७५

तालिका नं. १७ अनुसार १२.३५ प्रतिशत श्रमिकहरू दक्ष श्रमिकहरु हुन यिनिहरुको संख्या १० अर्थात थोरै छ तर पारिश्रमिक धेरै छ । १६.०४ प्रतिशत कामदारहरु अर्ध दक्ष कामदार हुन यिनिहरुको आम्दानी ठिकै रहेको छ भने ७१.६० प्रतिशत कामदारहरु अदक्ष कामदार हुन यिनिहरुको आम्दानी थोरै छ र काम पनि सामान्यतष्या वढिनै गर्नु प्रर्दछ । सामान्यतया अहिले उद्योगमा काम गर्ने कामदारलाई मासिक रुपमा स्यालरी दिईने गरिन्छ ।

### ४.२.५ उत्तरदाताको घरेलु अवस्था

उद्योगमा कार्यरत श्रमिकहरूलाई तिनीहरूले गर्ने काम, उनिहरुको योग्यता, क्षमताको आधारमा मात्र होइन उनिहरुको घरायासी अवस्थाले पनि उत्तीकै प्रभाव पारेको हुन्छ । यस उद्योगमा काम

गर्ने कामदारहरुको घरायासी अवस्था र यिनिहरुले प्रयो गर्ने सामानहरुको विवरण तल तालिका नम्वर १८ मा प्रस्तुत गरिन्छ ।

**तालिका १८ : उत्तरदाताको घरायासी विवरण**

| क्र.सं. | उपयोग गरेको सामान | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| ०१ | पिउने पानी | - | - | - |
| | पाईप वा धारा | ४२ | ५१.८५ | |
| | टियुवेल | ३० | ३७.०४ | |
| | कुवा | ०९ | ११.११ | |
| | जरुवा | ०० | ०० | |
| ०२ | घरको अवस्था | - | - | - |
| | कच्ची खरले छाएको | ०२ | २.४७ | |
| | पक्कि टिनले छाएको | ४९ | ६०.४९ | |
| | ढलान गरेको | ३० | ३७.०४ | |
| ०३ | शैचालयको प्रयोग | - | - | - |
| | कमोट | ०१ | १.२३ | |
| | कोपरा युक्त | ८० | ९८.७७ | |
| | वोराले वारेको | ०० | | |
| | झाडी वा खुल्ला | ०० | | |
| ०४ | सञ्चार साधनको प्रयोग | - | - | - |
| | रेडियो | ८१ | १०० | |
| | ईन्टरनेट प्रयोग | २० | २४.६९ | |
| | टिभि | ८१ | १०० | |
| | मोवाईल | ८१ | १०० | |
| ०५ | सवारी साधनको प्रयोग | - | - | - |
| | चारपाडग्रे | ०० | ०० | |
| | दुई पाडग्रे मोटर साईकल र साईकल दुवै हुने | ३९ | ४८.१५ | |
| | दुई पाडग्रे साईकल मात्र हुने | ८१ | १०० | |

स्रोत : स्थलगत अध्ययन, २०७५

माथिको तालिका वाट के कुरको पुष्टि हुन्छ भने अध्ययन क्षेत्र शहरी इलाका हो भने यहाँ आधारभुत सवै प्रकारका सुविधाहरु उपलब्ध रहेका छन् भने उत्तरदाताले पनि त्यस्ता सामानहरु प्राय प्रयोग गरेको पाईयो । सवै उत्तरदाताको घरमा टिभि, साईकल, पक्कि शौचालय हुनु घरायासी सवलिकरणलाई जनाउदछ ।

### ४.२.७ भू-स्वामित्व

मानिसलाई बाँच्नको लागि नभई नहने भनेको गाँस, वास र कपास, शिक्षा, स्वास्थ्य र खानेपानी हो । त्यस्तो वस्तु खेतवारी वा जमिनबाट प्राप्त गर्न सकिन्छ । त्यसैले तलको तालिका मार्फत ईटा उद्योगमा कार्यरत श्रमिकहरुको भूस्वामित्वको वारेमा विस्तत रुपमा स्पष्ट पारिएको छ ।

**तालिका १९ : भू-स्वामित्वको आधारमा उत्तरदाताको विवरण**

| क्र.सं. | जग्गा जमिन | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | १ - ५ कठ्ठा | ३९ | ४८.१५ | |
| २ | ५ - १० कठ्ठा | ३० | ३७.०४ | |
| ३ | १० - ०१ विघा | ८ | ९.८८ | |
| ४ | ०१ विघा भन्दा वढि | ४ | ४.९४ | |
| जम्मा | | ८१ | १०० | |

स्रोत : स्थलगत अध्ययन,२०७५

माथिको तालिका नम्वर १९ ले के देखाउदछ भने ४८.१५ उत्तरदाताहरुको १-४ कठ्ठा जग्गा रहेको छ अधिकांश उत्तरदाता यहि वर्गमा प्रर्दछन् । त्यसै गरि ५ - १० कठ्ठा जमिन हुनेहरुको ३७.०४ प्रतिशत र १० - ०१ विघा जमिन हुनेहरुको प्रतिशत ९.८८ छ भने ०१ विघा भन्दा वढि जमिन हुनेहरुको ४.९४ प्रतिशत रहेको छ । तर त्यहाँ काम गर्ने श्रमिकहरुको जमिन हुँदै नभएको कोहि पनि पाइएन उनिहरुसँग धेरै थोरै भएपनि जमिन भएको पाइयो ।

# अध्याय- पाँच

# सारांश र निष्कर्ष

## ५.१ सारांश

विश्व मानचित्रमा क्षेत्रफलका हिसावले मध्यम आकारको देश भएपनि आर्थिक एवम् औधोगिक विकासको दृष्टिले पछाडी परेको देशको रुपमा नेपाल चिनिन्छ । आर्थिक विकासका लागि उद्योगको अपरिहार्यता रहन्छ । संसारमा उद्योगको स्थापनाको इतिहास ज्यादै पुरानो रहेको छ । सन् ७०५ मा जापानमा नामको उद्योग नै सवैभन्दा पुरानो उद्योगको रुपमा चिनिन्छ भने दोस्रोमा अष्ट्रियाको रहेको पाईन्छ। नेपालमा उद्योग स्थापनाको ईतिहास त्यति पुरानो छैन । सन १९३६ मा नेपाल कम्पनी ऐनको अधिनमा रहि विराटनगरमा विराटनगर जुट मिलको स्थापना भएको हो यो नै नेपालको पहिलो उद्योग मानिन्छ । सन् १९५० र १९६० को दशकमा चीन र रुसको आर्थिक तथा प्राविधिक सहयोगमा सरकारी स्तरवाट उद्योगहरु स्थापनाको क्रम वढेको पाईन्छ । खास गरि त्यस वेला स्थापना भएका उद्योगहरुमा कृषि क्षेत्र संग वढि सम्वन्धित थिए । जसमा जुट, चिनी, चुरोट, वियर, सलाई, सावुन, सिमेन्ट, ईट्टा जस्ता वस्तु उत्पादन गर्ने उद्योगहरु स्थापना भएका थिए ।

निजी क्षेत्रहरुवाट सञ्चालित विभिन्न औद्योगिक प्रतिष्ठानहरु मध्ये नेपालको औधोगिक ईतिहासमा गंगादेवी चौधरी उद्योग ग्रामको ठुलो स्थान रहेको छ । यो विसं २०५२ सालमा साविक दिव्यपुरी हाल देवचुली नगरपालिका वडा नम्वर ०१ मा ३७ एकड जमिनमा फैलिएको छ । वाईवाइ, आलुतामा, गोलमोल, साथी, सोल्टी, रिनटिन जस्ता चाउचाउ, रियो, रियो पाइनापल, रियो मिक्स तथा रियो पुन्टे जस्ता जुसहरु, नेपाल आइस, ओरेन्जअम, मुस्ताड जस्ता वियरहरु तथा टिभि, फ्रिज, वासिड मेसिन तथा एसी जस्ता विद्युतिय उपकरणहरु उत्पादन गर्ने यस उद्ययोगमा ५८१ महिला र १४०६ पुरुष गरि १९८७ जना मजदुरहरुले काम गर्दछन्  भने यसको वार्षिक कारोवार ५०० करोड भन्दा माथि रहेको छ । प्रत्यक्ष रुपमा १९८७ जनाले रोजगारि पाएको यस उद्योगले अप्रत्यक्ष रुपमा अरु धेरैले राजगारि पाएका छन् । यहि उद्योगको स्थापना पछि यो गाँउको विकास भएको तथ्य हामिले लुकाउन सक्दैनौ । समग्र आर्थिक एवम् भौतिक विकासमा यस उद्योगको महत्वपुर्ण भुमिका रहेको पाईन्छ ।

यस अध्ययनको साधारण उद्देश्य नवलपुर जिल्लाको देवचुली नगरपालिका वडा नं. ०१ मा वसोवास भई सि.जि. उद्योगमा अन्तरगत रियो जुस उत्पादन सेक्टरमा कार्यरत मजदुरहरुको सामाजिक तथा आर्थिक पक्षका वारेमा अध्ययन गर्नु यसको साधारण उद्देश्य रहेको छ । यसको विशिष्ट उद्देश्य सिजिमा काम गर्ने मजदुरहरुले भोगेका समस्या पत्ता लगाउनु र सिजिमा काम गर्ने मजदुरहरुको सामाजिक आर्थिक अवस्थाको विष्लेषण गर्नु ।

अध्ययनलाई समग्रमा पाँच भागमा विभाजन गरिएको छ भने वर्णनात्मक र अन्वेषणात्मक गरि दुईवटा ढाँचाको प्रयोग गरिएको छ । प्रस्तुत अध्ययन क्षेत्र चौधरी उद्योग ग्राम भित्र रहेका वियर, चाउचाउ, विदुतिय सामानहरु जस्तै रियो जुस उत्पादन गर्ने प्लान्ट पनि एक हो र यस प्लान्टमा जम्मा ८१ जना मजदुरहरु काम गर्दछन । त्यसैले रियो जुस उत्पादन गर्ने प्लान्टमा कार्यरत ८१ जना मजदुरहरु संगणना विधिका माध्यमबाट छनौट गरी अध्ययनलाई अगाडी बढाइएको छ । तथ्याङ्कलाई विभिन्न प्रविधिको प्रयोग गरि अर्थात तालिका, वृतचित्र, स्तम्भ चित्र, ग्राफको प्रयोग गरि प्रस्तुत गरिएको छ ।

जातियताको आधारमा उत्तरदाताको विवरण हेर्दा सवैभन्दा वढि ब्राम्हण जातिहरू यस उद्योगमा बढी पाइयो । ३२.०९ प्रतिशत श्रमिकहरू ब्राम्हण र थारु १९.७५%, मगर १३.५८ क्षेत्री १२.३४ %, मधेसी ८.६४%, तामाङ्ग र माझी /वोटे समान ३.७०%, दलित २.४६%, नेवार, गुरुङ र कुमाल समान १.२५%, रहेका छन् । परिवारको आकारलाई हेर्दा सानो २ जनाको परिवार भएको श्रमिकको संख्या सवैभन्दा कम पाईयो जुन ३.७०%, ६ जनाको परिवार भएको श्रमिकको संख्या ७.४०%, ४ जनाको परिवारको संख्या २९.६३%, पाँच जनाको परिवारको संख्या ४५.६८% प्रतिशत छ त्यस्तै ६ तथा त्यसभन्दा बढी संख्या परिवारको आकार भएको १३.५८ प्रतिशत छ । त्यसैगरि उमेरका आधारमा २६ देखि ३३ उमेर समूहका श्रमिकहरू बढी पाइयो जसको ४३.२१ प्रतिशत रहेको छ भने ३४ देखि ४० उमेर समूहमा २५.९३ प्रतिशत श्रमिकहरू छन् । १८ देखि २५ वर्ष तथा १८.५२, त्यस्तै ४१ देखि ४७ समुहको ८.६४ प्रतिशत पाईयो भने ४८ भन्दा माथि ३.७० प्रतिशत मजदुरहरूले काम गरेको पाइयो । लिङ्गको आधारमा पुरुष ८३.९५ प्रतिशत र महिला १६.०५ रहेको छ । शैक्षिक स्तरलाई हेर्दा साक्षर श्रमिकहरूको बाहुल्यता बढी रहेको पाइयो । जुन ३४.५७ प्रतिशत मा महिला ४६.१५ प्रतिशत र पुरुष ३२.३५ प्रतिशत छन् । त्यसैगरी १.२३ प्रतिशत अर्थात १ जना महिला मात्र निरक्षर छन्

सवैजसो अर्थात ७१.६० प्रतिशत श्रमिक जुस उत्पनदन गर्ने काममा संलग्न छन् । मर्मतमा १२.३५ प्रतिशत, गुणस्तर नियन्त्रण ८.६४ प्रतिशत, प्रवन्धक/प्रशासन २.४७, कर्मसियल ३.७० र अपरेशनमा १.२३ प्रतिशत श्रमिकले काम गर्दछन । कामदारहरु मध्ये ७५.३१ प्रतिशत श्रमिक स्थायी छन् भने क्रमश करार, असल व्यवहार देखाई रहेका (Probation ) र तालिमरत श्रमिकको संख्या १३.५८ प्रतिशत, ८.६४ प्रतिशत, २.४७ प्रतिशत रहेका छन् । यस उदोगमा काम गर्ने मजदुरहरुमा पनि ९२.५९ प्रतिशत श्रमिकहरू हिन्दुधर्मावलम्वी रहेको पाईयो । केवल ४.९४ प्रतिशत वौद्धमार्गी र २४७ क्रिश्चियन रहेका छन् । यस उद्योगमा श्रमिकहरू २०६० साल भन्दापनि अगाडी देखि नै संलग्न हुन आएको पाइयो । २०६० भन्दा अगाडी काम गर्ने ७.४१ प्रतिशत रहेका छन् भने २०६१ देखि ०६५ सम्म २०.९९ प्रतिशत, २०६६ देखि ०७० सम्म ३३.३३ प्रतिशत र २०७१ देखि पछि ३८.२७ प्रतिशत अर्थात सवैभन्दा वढि रहेका छन् ।

उद्योगमा काम गर्ने श्रमिकहरूले विभिन्न किसिमका समस्याहरू भोगेता पनि धेरै जसो स्वास्थ्यसँग सम्बन्धी समस्याहरू भोगेको पाइन्छ जुन ४०.७४ प्रतिशत रहेको छ । त्यसपछि तिनीहरूले भोगेका समस्या कामसँग सम्बन्धित छ । जसमा ३७.०४ प्रति प्रतिशत श्रमिकहरूले कामसँग सम्बन्धित समस्याहरू भोगेको छन् भने त्यसैगरि २२.२२ प्रतिशत श्रमिकहरूले ज्यालासँग सम्बन्धीत समस्या भोगेको पाइयो । कामबाट सन्तुष्ट उत्तरदाता ४५.६८ प्रतिशत, ४३.२१ प्रतिशत श्रमिकहरू सन्तुष्ट नभएको र ११.११ प्रतिशत श्रमिकहरूले सोधेको प्रश्नको कुनै जवाफ नै दिएनन् ।

मासिक आम्दानीलाई हेर्दा ८.६४ प्रतिशत श्रमिकहरूले मासिक रु १०,००० सम्म आम्दानी गर्दछन भने ३३.३३ प्रतिशत श्रमिकले रु १०,००० देखि रु १५,००० सम्म आम्दानी गर्दछन । त्यसै गरि ४३.२१ प्रतिशत श्रमिकहरूले रु १५,००० देखि रु २०,००० सम्म आम्दानी गर्दछन । रु २०,००० देखि माथि मासिक आम्दानी गर्ने केवल १४.८१ प्रतिशत श्रमिकहरू रहेको देखिन्छ । उत्तरदाताहरुले गर्ने खर्चमा सवै भन्दा वढि खाद्यान्न किन्न ४९.३८ प्रतिशत र २७.१६ प्रतिशत छोराछोरी पढाउन खर्च गर्ने गरेको पाईन्छ । त्यस्तै ११.११ प्रतिशत औषधि खर्च र ६.१७ प्रतिशत  लुगाफाटो किन्न खर्च हुने स्पष्ट भयो । उद्योगमा काम गर्ने श्रमिकहरु मध्ये छोराछोरी पढाउन ३८.१८ प्रतिशत खर्च हुने गरेको सबै भन्दा उच्च संख्या पाइयो ।

श्रमिकहरूले काम गरे बापत प्राप्त रकमबाट ३४.४५ प्रतिशत उनीहरूले काम नभएको ६ महिनाको लागि बचत गरेको पाइयो । आफ्नो कमाई घर परिवारलाई पठाउने ५१.८५ प्रतिशत, कुल मध्ये २३.४६ प्रतिशतले गरगहना जोड्न, ११.११ प्रतिशतले घरघडेरी जोड्न तथा १३.५८ प्रतिशतले वचत नगर्ने मनोरञ्जन, घुमफिर र खानपानमा खर्च गरि नवचाएको पाईयो । अध्ययन क्षेत्र शहरी इलाका हो भने यहाँ आधारभुत सवै प्रकारका सुविधाहरु उपलब्ध रहेका छन् भने उत्तरदाताले पनि त्यस्ता सामानहरु प्राय प्रयोग गरेको पाईयो । सवै उत्तरदाताको घरमा टिभि, साईकल, पक्कि शौचालय हुनु घरायासी सवलिकरणलाई जनाउदछ ।

भू-स्वामित्वलाई हेर्दा ४८.१५ उत्तरदाताहरुको १-४ कठ्ठा जग्गा रहेको छ अधिकांश उत्तरदाता यहि वर्गमा प्रर्दछन् । त्यसै गरि ५ - १० कठ्ठा जमिन हुनेहरुको ३७.०४ प्रतिशत र १० - ०१ विघा जमिन हुनेहरुको प्रतिशत ९.८८ छ भने ०१ विघा भन्दा वढि जमिन हुनेहरुको ४.९४ प्रतिशत रहेको छ ।

### ५.२ निष्कर्ष

उद्योगमा कार्यरत श्रमिकहरुको सामाजिक र आर्थिक अवस्था त्यति नराम्रो रहेको देखिदैन । यहाँ कार्यरत श्रमिकहरु आर्थिक रुपले सबलहुँदै गएका छन् । उद्योगले यो समाजमा रहेको वेरोजगारी, गरिवी पछौटेपन रुढिवादी सोचलाई परिवर्तन गरि आधुनिक समाज रुपान्तरणमा मद्यत पुराएको छ तर अर्को तिर त्यसबाट हुने प्रदुषणको कारणले त्यहाँ संलग्न श्रमिकहरुको स्वास्थ्यमा नकरात्मक असर परिरहेको छ । त्यसैगरि त्यसले वरपरको वातावरणलाई पनि प्रदुषित बनाइरहेको छ । यस्तो खालको उद्योगहरुलाई बाक्लो मानब बस्तिबाट अलि टाढा राख्न जरुरी छ । देशको ग्रामीण भेगबाट अदक्ष, अशिक्षित, गरिब र बेरोजगार मानिसहरूलाई रोजगारीको अवसर सिर्जना गरेको देखिन्छ । यति हुँदाहुँदै पनि उद्योगमा कार्यरत मजदुरहरूको समग्र आम्दानी ज्यादै वचत योग्य देखिदैन । उनीहरूले प्राप्त गर्ने ज्यालाको तुलनामा उनीहरूले गर्ने काम अत्याधिक जटिल देखिन्छ निरन्तर ०८-१४ घण्टा सम्म काम गर्ने गरेको देखिन्छ ।

निष्कर्षमा भन्नुपर्दा यस उद्योगमा काम गर्ने श्रमिकहरू देशका विभिन्न भेगबाट आएका छन् । यसले गरिबी, बेरोजगार, र अभावलाई क्रमश न्युनिकरण गर्दै लगको पाईन्छ । २०५० साल भन्दा अगाडी यो ठाँउमा न कुनै पक्कि घर थिए न रोजगारी नै, मानिसहरु केवल कृषिमा निर्भर थिए,

आधुनिक विउविजन र प्रविधिको उत्पादन कमी हुनाले खान नपुग्ने परिवार वढि थिए । आज २०-२५ वर्षको अवधिमा यहाँको समाज पूर्णरुपमा वदलिएको छ । यो यहि चौधरी उद्योग ग्रामको योगदान हो भन्ने कुरा यहाँका वुढापाकाको भनाई रहेको छ । त्यसैले समग्रमा के भन्न सकिन्छ भने यस उद्योगमा काम गर्ने व्याक्तिको सामाजिक तथा आर्थिक अवस्था राम्रो छ र यसले समग्र समाजको आर्थिक विकासमा समेत टेवा पुराएको तथ्यलाई नर्कान सकिदैन ।

## सन्दर्भग्रन्थ सूची (Bibliography)


Acharya ,Meena (2004), *Efforts at Promotion of Women in Nepal* . Tanka Prasad Memorial Phoundation, Kathmandu Nepal

Adhikari G.P., 2000 : *Proposal and Thesis Writing*, Ratna Pustak Bhandar, Kathmandu

Black, 1997 : *Child Domestic Workers London* : Anti-Slavery International

CWIN, 1995 : *Voices Of Child Workers* : Quarterly Magazine

Concern Nepal 2005, *Child Labour In Brick Kilns In Nepal*, CIBIN Nepal Kathmandu.

DOSA/PMC/TU, 2015 Guidelines For Proposal And Thesis/Dissertation Writing In Sociology/Anthropology

Department of cottage and small industries HMG/NILO, 1998, Labor Administration profile of Nepal, international labour organization

Dumre, Babu Ram, 2003 – *A case study of domestic child labour in kathmanduand*,

Hisan, (2017), Journal of History Association Of Nepal, History Association Of Nepal, Kathmandu , Nepal .

GEFONT -2007: *A study on the Brick Kilns of Nepal* – labour under the chimney

GFFONT, (1998) *worker news* No. 20, June

GOVT/N, (2019) Fifteen plan, National planning commission HMG, Nepal

ILO – IPEC – *Labour in Nepal*: An overview and a proposal plan of Action – 1995, ILO office Kathmandu

Kathmandu Valley Profile (Briging paper) Google

May 1 2019 Labour day: Kantipur Daily

Ministry of Industry Commerse and Supplies (2016) Kathmandu Nepal .

NEFAS (1998) *Productivity, wages, employment and labour marker situations in Nepal:* Role of Trad Unions, Kathmandu

Nepal Govt. Ministry of Commerce and Supplies 2014) .

Pathak B.B, (1998) *child labour in Brick Kiln industries in Kathmandu valley*, unpublished Master's thesis, Central Department or Sociology/Anthropology, T.U. Kirtipur, Nepal

Shresth Mohan, (2075-5-24), Kantipur Daily

SPARC, 2014: Out Of The Shadow a Worldwide Report On The Wrost forms Of Labour
https/www.Businessnews.com 8159 )
केन्द्रीय तथ्याङ्क विभाग, (२०७१) स्वास्थ्या तथा जनसंख्या मन्त्रालय, जनगणना प्रतिवेदन
साना तथा घरेलु उद्योग विभाग, (२०१४) बार्षिक प्रतिवेदन
प्रधान गौरी, १९९७ - अन्यायपूर्ण तथा शोषणमुलक श्रम सम्वन्धहरु

## प्रश्नावली :

यो शोध कार्य नितान्त शैक्षिक उपाधि प्राप्तिकालागि गरिएको हुनाले कुनैपनि किसिमको समस्या उत्तरदामा नआउने, कतिपय सुचना गोप्य राखिने व्यहोरा समेत अवगत गराउदै सहयोगी भावनाले उत्तर दिई सहयोग गर्न अनुरोध गर्दछु।

१. श्रमिकहरूको सामान्य जानकारी :

नाम :-

उमेर :- लिङ्ग :- धर्म :-

जिल्ला :- नगरपालीका :- वडा नं. :-

वैवाहिक स्थिति :- शिक्षा :- जम्मा परिवार संख्या :-

२. कामको सुरुवात

| | २०६० | २०६३ | २०६६ | २०६९ | २०७२ |
|---|---|---|---|---|---|
| कहाँ | | | | | |
| कामको किसिम | | | | | |
| को मार्फत आएको | | | | | |

३. उद्योगमा काम गर्नुको कारण के हो ?

क) काम गर्न सजिलो भएर ( ) (ख) साथीहरू यहीँ काम गर्ने भएर ( )

(ग) अन्त गर्ने केही काम नभएर ( ) (घ) अन्य ( )

४. तपाईंले यो उद्योगमा गर्ने काम के हो ?

(क) जुस उत्पादन (बनाउन) ( ) (ख) प्याकेजिङ गर्ने ( )

(ग) ढुवानी गर्ने ( ) (घ) अन्य .................

५. तपाईंका परिवारका अन्य सदस्य पनि यहाँ संलग्न हुनुहुन्छ ?

(क) छ ( ) (ख) छैन ( )

६. तपाईं अहिले कहाँ बस्नुहुन्छ ?

(क) आफ्नो घर ( ) (ख) भाडाको घर ( )

(ग) उद्योगले व्यवस्था गरि दिएको ठाउँ ( ) घ) अन्य .................................

७. एक दिनमा तपाई कति घण्टा काम गर्नुहुन्छ ?

८. हप्तामा कति दिन काम गर्नुहुन्छ ?

०९. यस उद्योगमा वाहेक अन्य कुनै काम गर्नुहुन्छ ?

१०. तपाई यस कामबाट सन्तुष्ट हुनुहुन्छ ?

(क) छ ( ) (ख) छैन ( )

११. यदि सन्तुष्ट हुनुहुन्न, भने किन ?

(क) काम धेरै गाह्रो भएर ( ) (ख) सेवा सुविधा केही उपलब्ध नभएर

(ग) कम ज्याला भएर ( ) (घ) अन्य .........................

१२. उद्योगमा काम गर्ने वातावरण कस्तो छ ?

(क) धेरै राम्रो ( ) (ख) राम्रो ( )

(ग) सन्तोषजनक ( ) (घ) धेरै नराम्रो ( )

१३. तपाईं ज्याला निश्चित समयमा प्राप्त गर्नुहुन्छ कि हुँदैन ?

(क) हुन्छ ( ) (ख) हुँदैन ( )

१४. तपाईंले यस उद्योगमा काम गरे वापत दैनिक कति आम्दानी गर्नुहुन्छ ?

(क) रु. ४०० भन्दा कम ( ) (ख) रु. ४०० देखि ५०० सम्म ( )

(ग) रु. ५०० देखि ६०० सम्म ( ) (घ) रु. ६०० भन्दा बढी ( )

१५. श्रमिकहरूको आर्थिक अवस्था

| Items | महिनाको खर्च रु. | तलव/ज्याला | कृषि उत्पादन | ऋण | अन्य |
|---|---|---|---|---|---|
| खाना | | | | | |
| इन्धन | | | | | |
| शिक्षा | | | | | |
| स्वास्थ्य | | | | | |
| मनोरञ्जन | | | | | |
| लुगाफाटो | | | | | |

१६. तपाई तपाईले काम गरे वापत प्राप्त ज्यालाबाट सन्तुष्ट हुनुहुन्छ ?

(क) छ ( ) (ख) छैन ( )

१७. यदि सन्तुष्ट हुनुहुन्न, भने किन ?

१८. तपाई पैसा बचत गर्नुहुन्छ ? तपाईंले गर्नु भएको बचत के मा प्रयोग गर्नुहुन्छ ?

(क) अनावश्यक काममा प्रयोग गर्ने ( ) (ख) जमिनमा प्रयोग गर्ने ( )

(ग) व्यापारमा लगानी गर्ने ( ) (घ) बैंकमा बचत गर्ने ( )

१९. यदि तपाईंले निश्चित समयमा ज्याला प्राप्त गर्न सक्नु भएन भने के-कस्ता समस्याहरू भोग्नु पर्ने हुन्छ ?

२०. तपाईंले तपाईंको पारिश्रमिकको भुक्तान कसरी प्राप्त गर्नुहुन्छ ?

(क) नगद ( ) (ख) सामूहिक रुपमा ( )(ग) बैङ्क मार्फत ( )

२१. यदि तपाईं बिरामी हुनु भयो भने त्यस समयमा मागेको रकम प्राप्त गर्न सक्नुहुन्छ ?

(क) हुन्छ ( ) (ख) हुँदैन ( )

२२. यदि पाउनु भएन भने कसरी उपचार गर्नुहुन्छ ?

(क) साथीभाइ तथा आफन्तसँग सापटी लिएर ( ) (ख) वचत गरेको पैसाबाट ( )

(ग) अन्य

२३. उद्योगबाट के-के सुविधाहरू प्राप्त गर्नु भएको छ ?

(क) उपचारको सुविधा ( ) (ख) जीवन बिमा ( )

(ग) पेस्की ( ) (घ) बालबालिकालाई शिक्षा ( )

(ङ) लुगाफाटोको सुविधा ( ) (च) बढी भएको समय काम गर्न पाउने ( )

२४. यस उद्योगमा महिला तथा परुष श्रमिकलाई दिइने ज्यालामा भिन्नता छ ?

(क) छ ( ) (ख) छैन ( )

२५. यस उद्योगबाट तपाईहरुलाई के—के थप सुविधा प्राप्त होस् भन्ने चाहनहन्छ ?

२६. तपाई यस उद्योगमा संलग्न भएपछि तपाईको स्वास्थ्यमा केही परिवर्तन आएको छ ?

(क) छ ( ) (ख) छैन ( )

२७. यदि छ, भने कस्ता स्वास्थ्य समस्या भोग्नु परेको छ ?

(क) आँखा चिलाउने ( ) (ख) टाउको दुख्ने ( )

(ग) रिंगटा लाग्ने ( ) (घ) दम ( ) (ङ) अन्य

२८. तपाईको जमिन छ कि छैन ? यदि छ भने कति छ ?

२९. तपाईको सन्तानको प्राप्त गरेको शिक्षा प्रति सन्तुष्ट हुनुहुन्छ ?

३०. तपाई को बच्चा निजी विद्यालयमा अध्ययन गर्छन् कि सरकारी विद्यालयमा ?

३१. तपाईले उपचारमा कति खर्च गर्नुहुन्छ ?

३२. तपाईले आधुनिक सञ्चारका साधनहरू के-के उपयोग गर्नु भएको छ ?

(क) टेलिभिजन ( ) (ख) रेडियो ( )

(ग) मोबाइल ( ) (घ) अन्य …………

३३. तपाईंको कार्य स्थलमा खानेपानीको सुविधा कस्तो छ ?

३४. तपाईंको कार्य स्थलमा शौचालयको व्यवस्था कस्तो छ ?

३५. तपाईंको छोराछोरीलाई पढाउनको लागि यस उद्योगवाट नै केही पहल भएको छ कि छैन ?